news 24 दैनिक

वर्ष १३ अंक ०४ राष्ट्रिय दैनिक | २३ साउन २०८२, शुक्रबार साउन शुक्ल चतुर्दशी | नेपाल संवत् ११४५ | Friday 8 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ


रविको थुनामुक्ति प्रयाससँगै २.७४ करोडको जमानत

# ‘निर्दोष छु, तर रकम तिर्छु’



- **आफ्नो भागको बिगो बराबरको जमानत अदालतमा पेस**
  निर्दोष रहेको दाबी गर्दै सहकारीपीडितलाई रकम बुझाउन तयार
- **थुनामुक्त हुन माग गर्दै निवेदन दर्ता**
  मुलुकी फौजदारी संहिताको दफा ६८ र ७१ अनुसार थुनाबाट रिहा गर्न माग गर्दै कानूनी प्रक्रिया अघि बढाएका छन् ।
- **सर्वोच्च र उच्च दुवैको आदेशमा थुनामै राखिने**
  अघिल्लो धरौटी आदेश उच्चले बदर गरेपछि थुनामा राखिएको हो भने, सर्वोच्चले पनि उक्त आदेश सदर गरिसकेको छ ।

**भाषा शर्मा**
**काठमाडौं, साउन २२**

सहकारी ठगीको अभियोगमा भैरहवा कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले तर्फबाट करिब पौने ३ करोड रुपैयाँको बैंक ग्यारेन्टी राखेर थुनाबाहिरै बस्न पाउने माग गर्दै रुपन्देही जिल्ला अदालतमा निवेदन पेस भएको छ। सरकारले राजनीतिक प्रतिशोध साँधेर थुनामा राखेको भन्दै देश, विदेशमा हस्ताक्षर अभियान चलाइरहेका बेला अदालतमा निवेदन दिइएको हो ।

लामिछानेलाई छुटाउन नेताहरूले सरकारमाथि दबाब सिर्जना गर्न नसकेको भन्दै आलोचना भइरहेका बेला यसै साता पार्टीको संसदीय दलले भैरहवामै बैठक गरेको थियो । ‘हामीले पहिले पनि विभिन्न ठाउँमा बैठक गर्दै आएका हौं, भैरहवामा बैठक गर्नु नौलो थिएन,’ पार्टी प्रवक्ता मनिष झाले भने, ‘हामीले जलेश्वरमा पनि पार्टीको बैठक गरेका थियौं । संघीय सांसद भनेको एउटा भूगोलमा सीमित हुँदैन । भविष्यमा पनि फरक-फरक ठाउँमा बस्छौं ।’

**आफैं पेसी स्थगन**

रुपन्देही जिल्ला अदालतमा हाल दर्ता भएको लामिछानेको निवेदनमा दैनिक पेसी लगातार स्थगित गरिएको छ। साउन १९ अर्थात्, सोमबार न्यायाधीश डिल्लीराम शर्मा अर्यालको इजलासमा पहिलो पेसी चढेको थियो । त्यस दिन मुद्दाका पक्षहरूलाई सूचना दिने आदेश भएको थियो । गत मंगलबार न्यायाधीश प्रल्हादकुमार योगीको इजलासमा र बुधबार दीपेन्द्र थापा मगरको इजलासमा पेसी चढेको थियो। दुवै दिन चढेको पेसीमा उनकै कानूनव्यवसायीले स्थगित गरेका हुन् ।

अब अर्को साता पेसी चढ्ने रुपन्देही जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले बताएका छन् । लामिछानेले साउन १९ मा दर्ता गरेको निवेदनमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ बमोजिम बैंक जमानत लिइ दफा ७१ बमोजिम आदेश गरिपाऊँ भन्ने माग गरेका हुन् ।

आफ्नो हकको बिगो बैंक ग्यारेन्टी पेस गरेर थुनाबाहिर बस्ने माग गरेको निवेदन रहेको उनले बताए। सुप्रिम सहकारीबाट ग्यालेक्सी टेलिभिजनमा गएको रकमको फिर्ता गर्न तयार भएको भन्दै बैंक ग्यारेन्टी बुझाएका हुन् ।

‘उहाँको तर्फबाट २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक ग्यारेन्टी अदालतमा निवेदनसहित पेस भएको छ,’ स्रेस्तेदार बस्नेतले भने, ‘निवेदन दिएर माग गर्न पाइन्छ। यदि, निवेदन दिन नपाइने भए, अदालतमा दर्ता नै हुने थिएन। के हुने नहुने विषय प्रक्रियामा छ। अदालतले निर्णय गरेपछि मात्रै थाहा हुन्छ ।’

बाँकी पृष्ठ २ मा...

## उनले टेकेको दफामा के छ ?

दफा ६८ मा ‘अभियुक्तसँग धरौट वा जमानत वा बैंक जमानत लिने’ भन्ने व्यवस्था छ। ‘दफा ६७ को अवस्थामा हुनेमा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले निजसँग धरौट, जमानत वा बैंक जमानत लिई तारिखमा राख्न सक्नेछ।’ तर, बैंक जमानतबिना सर्तको र अदालतले तोकेबमोजिमको अवधिसम्म अद्यावधिक हुन सक्ने हुनुपर्नेछ। ‘उपदफा १ बमोजिम धरौट, जमानत वा बैंक जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्नेछ।’

दफा ७१ मा ‘कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने’ भन्ने व्यवस्था छ। मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्था अनुसार दफा ६७ बमोजिम थुनामा राख्न वा दफा ६८ बमोजिम निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ। शुरुमा पुर्पक्षका लागि अभियुक्तलाई थुनामा नराखेको वा निजसँग धरौट, जमानत वा बैंक जमानत नलिएको कारणले मात्र पछि थुनामा राख्न वा धरौट, जमानत वा बैंक जमानत माग्न अदालतलाई बाधा परेको मानिने छैन। उपदफा २ मा ‘६७ वा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ’ भन्ने व्यवस्था छ।

# बैंकहरूको ५२.५० अर्ब लगानी सम्झौता

**धना ढकाल**
**काठमाडौं, साउन २२**

गोरखामा निर्माण हुने ३४१ मेगावाटको बुढीगण्डकी अर्धजलाशय जलविद्युत् आयोजनामा बैंकहरूले साढे ५२ अर्ब रुपैयाँ ऋण लगानी गर्ने भएका छन्। चुमनुब्री र धार्चे गाउँपालिकाको सीमानामा निर्माण हुने स्वदेशी लगानीको यो आयोजनामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको अगुवाइमा १० वटा बैंकले ऋण लगानी गर्न बिहीबार सम्झौता गरेका छन् ।

आयोजना प्रवर्धक टाइम्स इनर्जी प्रालि र बैंकहरूबीच बिहीबार वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर भएको हो। सम्झौतापत्रमा टाइम्स इनर्जीका तर्फबाट साहस ऊर्जाका निर्देशक सुशील थापा र एनआइएमबिका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेले हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार बैंकहरूले आयोजना निर्माणका लागि ५२ अर्ब ५० करोड रुपैयाँ ऋण लगानी गर्नेछन् ।

एनआइएमबि एक्लैले यो आयोजनामा १० अर्ब रुपैयाँ ऋण लगानी गर्ने भएको छ। नबिल र लक्ष्मी सनराइजले ८/८ अर्ब तथा ग्लोबल आइएमई बैंकले ७ अर्ब रुपैयाँ ऋण लगानी गर्ने सम्झौता गरेका छन्। यस्तै, माछापुच्छ्रे र सरकारी स्वामित्वको हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट डेभलपमेन्ट कम्पनीले ४/४ अर्ब रुपैयाँ लगानी गर्नेछन्। सिटिजन्स् इन्टरनेशनल, निफ्रा र प्रभु बैंकले ३/३ अर्ब तथा कृषि विकास बैंकले २ अर्ब ५० करोड रुपैयाँ लगानी गर्ने सम्झौतामा छ।

आयोजना निर्माण सम्पन्न गर्न ७० अर्ब रुपैयाँ लागत अनुमान गरिएकोमा बैंकहरूले गर्ने ऋण लगानी कूल लगानीको ७० प्रतिशत हो। प्रवर्धक कम्पनीका तर्फबाट कुल लागतको २५ प्रतिशत हुन आउने १७ अर्ब ५० करोड रुपैयाँ लगानी हुनेछ।

यसअघि ८६ मेगावाटको सोलु-दूधकोशी आयोजनामा लगानी गरेको समूहले नै यो आयोजना निर्माण अगाडि बढाएको हो। सुरुवातमा यो आयोजनाको अनुमतिपत्र दीपक मल्होत्राले लिएको भए पनि साहस ऊर्जा कम्पनीमा लगानी गरेको समूहले खरिद गरी निर्माण प्रक्रिया अगाडि बढाएको हो।

आयोजनामा स्वपुँजी लगानीको ५१ प्रतिशत हिस्सा सोलु-दूधकोशी आयोजनाको प्रवर्धक साहस ऊर्जाको छ। यो कम्पनीले आयोजनामा ८ अर्ब ९२ करोड ५० लाख रुपैयाँ लगानी गरिरहेको छ।

**पुसदेखि निर्माण थालिने**

ऋण तथा स्वपुँजी लगानी व्यवस्थापन टुंगो लागेकाले आगामी पुसदेखि आयोजनाको निर्माण थालिने कम्पनीका अध्यक्ष हिम पाठकले बताए। उनका अनुसार आयोजनास्थलसम्म पुग्न पहुँचमार्ग निर्माण तथा मुआब्जा वितरणको काम भइसकेको छ।

आयोजना २०८७ पुसभित्र निर्माण पसरा गरेर उत्पादित बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने लक्ष्य निर्धारण गरिएको छ। यो नै निजी क्षेत्रले स्वदेशी लगानीमा निर्माण गर्न वित्तीय व्यवस्थापन गरिसकेको अहिलेसम्मको ठूलो आयोजना हो। प्रवर्धक कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग आयोजनाको विद्युत खरिद सम्झौता (पीपीए) गरिसकेको छ।

पीपीए अनुसार प्राधिकरणले आयोजनाबाट उत्पादित विद्युत अधिक सुक्खायाममा प्रति युनिट १०.५५, सुक्खायाममा ८.४० र वर्षामा ४ रुपैयाँ .८० पैसामा खरिद गर्नेछ। गोरखाको धार्चे-१ र ३ तथा चुमनुब्री-३ मा आयोजनाको मुख्य संरचना निर्माण हुनेछन्।


संरचना बुढीगण्डकी नदीको दायाँ किनारमा निर्माण हुनेछन्। आयोजनामा ६ किलोमिटर लामो मुख्य सुरुङ निर्माण गरिनेछ। अर्धजलाशय प्रकृतिको यो आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आउँदा सुक्खायाममा पनि दैनिक ५ घन्टासम्म पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न सकिनेछ। आयोजनाको विद्युत्गृह भूमिगत हुनेछ।

विद्युत्गृहमा ६ वटा उत्पादन युनिट रहने छन्। आयोजनाले वार्षिक १८३७.१६ गिगावाट घन्टा विद्युत उत्पादन गर्नेछ। उत्पादित विद्युत एमसीसी अन्तर्गत निर्माण हुने ४०० केभी रातमाटे सबस्टेसनमा जोडिनेछ।



बुढीगण्डकी अर्धजलाशय जलविद्युत आयोजना

- **निजी क्षेत्रले स्वदेशी लगानीमा निर्माण गर्न वित्तीय व्यवस्थापन गरेको हालसम्मको ठूलो आयोजना**
- **३४१ मेगावाटको अर्धजलाशय**
- **आगामी पुसदेखि निर्माण सुरु हुने**
- **१० वटा बैंकले ५२ अर्ब ५० करोड ऋण लगानी गर्ने**
- **कुल लागत ७० अर्बमा ७० प्रतिशत बैंक ऋण, बाँकी स्वपुँजी**
- **२०८७ मा तयार भएर राष्ट्रिय ग्रिडमा जोडिने**



## यो अंकमा




**घर पस्यो बन्दुक**

*भर्जिनियास्थित मानेसास पार्कस्थित नजिकै एक घरमा एकै परिवारका चारजनाको मृत्यु भएको थियो । प्रारम्भिक अनुसन्धानमा उनीहरुको गोली लागेर मृत्यु भएको खुलेको थियो ।*
*(राजेश कोइरालाको विचार)*

- **उच्चमा तीन महिलासहित २७ जना नयाँ न्यायाधीश**
- **निजामती प्रशासनको नालीबेली**
- **कर्मचारी आन्दोलले भैरहवामा प्रशासनिक काम ठप्प**
- **पोखराका ताल संरक्षणमा लक्ष्मी ग्रुपको हातेमालो**
- **ट्रम्पको कर नीति भारतलाई कस्तो असर पर्दैछ ?**
- **मार्कीचोक-भरतपुर खण्ड तीन महिनामा बन्ने**
- **कमेडी च्याम्पियनले पायो पुरस्कार**


कर्णाली डेभलपमेन्ट बैंक घोटाला प्रकरण

# पूर्वअध्यक्षसहित तीनजना थुनामा, १०३ फरार

news 24
**नेपालगञ्ज, साउन २३ –**

कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडमा भएको अर्बौं रुपैयाँ घोटालामा संलग्न ठहर गर्दै उच्च अदालत तुलसीपुरको नेपालगञ्ज इजलासले बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृत, पूर्वअध्यक्ष र वित्त शाखा प्रमुखलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ।

न्यायाधीश चन्द्रबहादुर सारु र पुनमसिंह चन्दको इजलासमा बुधबार दिउँसो बहस सकिए पनि राति ८ बजेतिर मात्र आएको अदालतको आदेशअनुसार तत्कालीन सीईओ राजेन्द्रवीर राय, पूर्वअध्यक्ष पशुपतिदयाल मिश्रा र वित्त शाखा प्रमुख वेदप्रकाशसिंह ठकुरीलाई थुनामा राख्न भनिएको हो।

- **३ अर्ब २० करोडको घोटालामा १०९ जनाविरुद्ध मुद्दा**
- **पूर्वसीईओ, अध्यक्ष र कर्मचारीसहित तीनजना थुनामा**
- **राष्ट्र बैंकका पूर्वकर्मचारी बस्नेतलाई धरौटीमा छाड्न आदेश**
- **फरारलाई पक्रन प्रहरीलाई ३५ दिने म्याद**

प्रकरणमा संलग्न नेपाल राष्ट्र बैंकका पूर्वकर्मचारी भुवन बस्नेतलाई अदालतले दुई लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ। बस्नेतलाई कर्णाली डेभलपमेन्ट बैंकमा ‘विज्ञको हैसियतमा’ सुपरिवेक्षणका लागि खटाइएको थियो। उनीमाथि पनि अनियमितततामा संलग्न भएको आरोप लागेपछि पक्राउ परेका थिए। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालय बाँकेले साउन १४ मा उच्च अदालत तुलसीपुरको नेपालगन्जस्थित वाणिज्य इजलासमा मुद्दा दायर गरेको थियो। मुद्दामा १०९ जनालाई प्रतिवादी बनाइएको छ, जसमध्ये चारजना पक्राउ परिसकेका छन् भने बाँकी फरार सूचीमा छन्। सूचीमा रहेकामध्ये दुई जनाको निधन भइसकेको छ।

सीआईबीले गरेको प्रारम्भिक अनुसन्धानअनुसार प्रमुख प्रतिवादी राजेन्द्रवीर रायमाथि २ अर्ब ६३ करोड ३२ लाख १६ हजार ५९७ रुपैयाँको बिगो कायम गरिएको छ।


बाँकी पृष्ठ २ मा...

# कर्णालीका विकटमा टेलिमेडिसिनको भर

**दान बहादुर बुढा**
**मुगु, साउन २२**

कर्णाली प्रदेशका हिमाली जिल्लाहरूमा टेलिमेडिसिन सेवा प्रभावकारी हुन थालेको छ। विकट जिल्लाका बिरामीको सहजताका लागि अडियो-भिजुअलको माध्यमबाट दिइने उपचारसेवा बिस्तारै प्रभावकारी बनेको हो। यो सेवा कर्णालीका मुगु, डोल्पा, कालीकोट, जाजरकोट र हुम्लामा छ।

जिल्ला अस्पतालमार्फत यस्ता सेवा सञ्चालनमा ल्याइएका हुन्। छाया नेपालको प्राविधिक सहयोगमा जिल्ला अस्पताल मुगुमा २०८१ साल जेठदेखि सेवा सञ्चालनमा आएको हो। टेलिमेडिसिन सञ्चालनमा आएयता ५ जिल्लाका ११ सय ७९ जना बिरामीले सेवा पाइसकेको छाया नेपालको कर्णाली प्रदेशका कार्यकारी निर्देशक मीनबहादुर रावलले बताए।



‘टेलिमेडिसिन सेवाका लागि उपकरण हामीले राखेका हौं,’ उनले भने, ‘५ जिल्लामै एक/एक जना प्राविधिक पनि हुनुहुन्छ। डाक्टरले दिने सल्लाहमा प्राविधिकले बिरामीलाई सहजीकरण गर्छन्।’

जुनसुकै स्वास्थ्य सस्थाहरू र प्रदेश अस्पतालसँग सहकार्य गरी उपचारका क्रममा केही समस्या देखिइ सिधै सम्पर्क गर्ने सिस्टम मिलाइएको उनले जानकारी दिए। टेलिमेडिसिन सेवा सञ्चालन भएदेखि बाहिर रिफर गर्ने खालका बिरामीलाई पनि स्थानीयस्तरमै सेवा सहज भएको उनले बताए।

टेलिमेडिसिन सेवा सञ्चालन आएदेखि मुगुमा मात्र १ सय १६ जनाले सेवा पाएका हुन्। ‘यो प्रविधिमा आधारित उपचार सेवा हो। बिस्तारै प्रभावकारी भइरहेको छ,’ जिल्ला अस्पताल मुगुका प्रमुख डा. निर्मल नगरकोटीले भने, ‘विशेषज्ञ डाक्टरबाट गरिने निर्देशनअनुसार बिरामीले यहीँबाट सेवा पाउँछन्।’

बाँकी पृष्ठ २ मा...



**खोकनाका खुर्सानी :** ललितपुरको खोकनामा घरमा सुकाएको खुर्सानीसँगै स्थानीयको मुस्कान । परम्परागत घरका कलात्मक झ्याल र बरण्डामा धागोले उनेर माछाकाँडे आकारमा झुन्ड्याइएका खुर्सानीका मालाले बस्ती आकर्षक देखिएको छ । यहाँका किसान आफैंले जोगाएका बिउ वैशाखमा रोप्छन्, साउनको सुरुतिर खुर्सानी टिप्छन् र घाममा सुकाउँछन् । यसरी सुकाएका खुर्सानी भविष्यका लागि प्रयोग, बिउका रूपमा राख्न वा धुलो बनाएर बेच्नसमेत काम लाग्छ । एक समय थियो जब काठमाडौं उपत्यकाका तीन जिल्लाकै नेवारका पुराना बस्तीका घरहरुमा साउन-भदौतिर खुर्सानीका झुप्पा लहरै झुन्ड्याइएका देखिन्थे । यो दृश्य वर्षा सकिएर शरद ऋतु नजिकिएको संकेत पनि मानिन्थ्यो । घर निर्माणका शैली फेरिए, सहरीकरण बढ्यो । झ्यालमा खुर्सानी सुकाउने यो अनुपम दृश्य दुर्लभ हुँदै जाँदा खोकनामा भने अझै देख्न पाइन्छ ।
*तस्बिर : सफल प्रकाश श्रेष्ठ/नेपाल फोटो लाइब्रेरी*

# उच्चमा तीन महिलासहित २७ जना नयाँ न्यायाधीश

**१६ जिल्ला न्यायाधीश, ६ कानून व्यवसायी र ५ न्याय सेवा कर्मचारी**

**तीन महिलामा दुई कानून व्यवसायी र एकजना न्याय सेवा अधिकृत**

न्यूज २४
काठमाडौं, साउन २२

न्याय परिषद्ले उच्च अदालतका न्यायाधीश पदमा तीनजना महिलासहित २७ जनाको नियुक्तिसहित पदस्थापन सिफारिस गरेको छ । न्याय परिषद्का अध्यक्ष एवं प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको अध्यक्षतामा बिहीबार बसेको बैठकले जिल्लाका न्यायाधीशसहितलाई उच्चमा नियुक्तिको सिफारिस गरेको हो ।

न्याय परिषद्का सचिव यमबहादुर बुढा पहिलो नम्बरमा सिफारिस भएका छन् । कुल ५ जना न्याय सेवाका कर्मचारी उच्च अदालत न्यायाधीशमा सिफारिस भएका छन् । सिफारिस हुनेमा १६ जना जिल्ला न्यायाधीश र ६ जना कानून व्यवसायी रहेका छन् । कर्मचारीमध्ये सरकारी वकिलबाट १, कानून अधिकृतबाट १ र न्याय सेवा अधिकृतहरूबाट ३ जना समेटिएका छन् ।

जिल्ला न्यायाधीशहरूबाट गोपालप्रसाद बास्तोला, गिरीराज गौतम, युवराज गौतम, तेजनारायण पौडेल, प्रकाश ढुंगाना, दीपककुमार खरेल, शिवबहादुर रानाभाट, कमलप्रसाद पोखरेल, दलबहादुर केसी, वासुदेव न्यौपाने, प्रकाशचन्द्र अधिकारी, रमेशप्रसाद ज्ञवाली, उद्धवप्रसाद भट्टराई, दीपक खनाल, अवनी मैनालीलाई उच्च अदालतको न्यायाधीशमा सिफारिस गरिएको हो ।

त्यसैगरी, उच्च अदालतका रजिष्ट्रार खड्गराज अधिकारी, सहन्यायाधिवक्ता शंकर खत्री, सर्वोच्चका सहरजिष्ट्रार अच्युत कुइँकेल, सहसचिव कोमलबहादुर खत्रीलाई नियुक्तिको सिफारिस गरिएको छ ।

कानून व्यवसायीबाट शर्मिला थापा, प्रतापसिंह ठकुराठी, बालकृष्ण गैरे, निशा बानियाँ, श्यामकुमार विश्वकर्मा, अरुणकुमार पंजियारलाई उच्च अदालतमा सिफारिस गरिएको हो ।

संविधानको धारा १४० मा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यताबारे व्यवस्था छ । प्रधानन्यायाधीशले न्याय परिषदको सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति गर्ने व्यवस्था छ ।

उच्च अदालतमा उपधारा २ बमोजिम योग्यता पुगेका व्यक्तिहरूमध्येबाट जिल्ला न्यायाधीशको हकमा वार्षिक रूपमा फैसला गरेको मुद्दाको अनुपात पनि हेरिन्छ । साथसाथै 'माथिल्लो अदालतमा अन्तिम निर्णय हुँदा मुद्दा सदर, बदर वा उल्टी भएको मूल्यांकनको आधारमा, न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको व्यक्तिको हकमा ज्येष्ठता, योग्यता र कार्यसम्पादनको स्तरको मूल्यांकनको आधारमा र अन्यको हकमा वरिष्ठता, व्यावसायिक निरन्तरता, इमानदारी, पेसागत आचरण र न्याय र कानूनको क्षेत्रमा गरेको योगदानको मूल्यांकन गरी नियुक्ति गरिने' व्यवस्था छ ।

# ठगिए फोर्स मोटरका क्रेता

**सन्दीप शर्मा रिजाल**
**काठमाडौं, साउन २२**

आयाम इन्टरकन्टिनेन्टल प्रालि नेपालमा फोर्स मोटर्सको आधिकारिक बिक्रेता हो । यही कम्पनीबाट गामा र क्रुजर मोडेलका गाडी किनेका केही व्यवसायीहरू अहिले व्यवसाय नै छाड्न बाध्य भएका छन् । मर्सिडिज बेन्जको इन्जिन रहेको, अफरोड किङ भनेर प्रचार गरिएको र ९ सिटे गाडीको खर्चमा १३ जना बोक्न मिल्ने दाबी गर्दै बिक्री गरिएका यी गाडीहरू अत्यन्तै कमजोर गुणस्तरका भएको पीडित व्यवसायीहरूको आरोप छ ।

२०७२ सालमा दिक्तेल हलेसी यातायात व्यवसायी संघका अध्यक्ष महेश तामाङले गामा जिप खरिद गरेपछि, बजार व्यवस्थापक सन्तोष नेपालले खोटाङका व्यवसायीलाई 'मर्सिडिज बेन्ज'को इन्जिन भएको गाडी तीन वर्ष वा तीन लाख किलोमिटर वारेन्टीसहित अत्यन्तै विश्वसनीय रहेको भन्दै प्रचार गरे । त्यसकै, आधारमा खोटाङका देवान राईले २०७३ जेठ ११ मा १३ सिटे क्रुजर गाडी ४० लाख ५० हजार रुपैयाँमा किने । जसमा उनले ८ लाख १० हजार डाउन पेमेन्ट र बाँकी ऋण सिद्धार्थ बैंकबाट लिएका थिए । तर, गाडी खरिद गरेको एक महिनामै असार २५ गते चलिरहेको अवस्थामा इन्जिन सिज भयो । जबकि किस्ताबन्दीमा गाडी लिएका राईले गाडी आफ्नो नाममा सारिसकेका पनि थिएनन् ।

राईले कम्पनीलाई गाडी फिर्ता लैजान र नयाँ दिन माग गरे । तर, तत्कालीन बिक्रेता कम्पनीका एमडी राजन लम्सालले मर्मत गरिदिने बताए । मर्मतपछि पनि समस्या झन् बढ्दै गयो । त्यसपछि २०७३ मंसिरमा उनले चाबी बुझाएर क्षतिपूर्ति माग गरे । २०७४ असार ८ मा कम्पनीसँग लिखित सम्झौता भए पनि मर्मतपछि उनले गाडी लगे । तर, पुनः कात्तिकमा इन्जिन सिज भयो । यसपटक राईले ३ लाख ५० हजार आफ्नै खर्चमा मर्मत गराए । समस्या ज्यूँका त्युँगनै रह्यो । २०७५ मंसिरमा गाडी कम्पनीको पेप्सीकोलास्थित ग्यारेजमा जिम्मा दिएर प्रतीक्षा गरे । गाडी बुझाएको ६ वर्ष बितिसक्यो । गाडीमा खिया लागिसकेको छ, भने राईले बैंकको किस्ता अझै तिरिरहेका छन् ।

२०८१ पुस २४ मा क्षतिपूर्ति माग गर्दा कम्पनीले उल्टै धम्कीपूर्ण व्यवहार देखाएको राईको आरोप छ । उनले राजन लम्साल र वर्तमान अध्यक्ष ध्र'वबहादुर थापाले समस्या समाधानमा चासो नदिएको आरोप समेत लगाएका छन् । आयाम इन्टरकन्टिनेन्टलको अध्यक्ष थापा नेपाल अटोमोबाइल्स डिलर्स एसोसिएसन (नाडा) का पूर्वअध्यक्ष पनि हुन् ।

**एकपछि अर्को व्यवसायी पीडित**

यो कम्पनीबाट ठगीमा परेका देवान राईमात्रै होइनन् । आयाम इन्टरकन्टिनेन्टलबाट फोर्स कम्पनीको गामा र क्रुज गाडी किनेर व्यवसायबाटै हात धुनुपरेका धेरै व्यवसायीहरू छन् । राईको फोर-ह्वील गाडीमा समस्या देखिएपछि कम्पनीका प्रतिनिधिहरूले 'फोर-ह्वीलमा केही समस्या भए पनि टु-ह्वील गाडीमा त्यस्तो कुनै समस्या नभएको दाबी गरेका थिए । कम्पनीको यो कुरा पछि अरु व्यवसायीहरूले फोर्सकै ५ वटा १३ सिटे टु-ह्वील क्रुजर जिप किन्नेका थिए । खोटाङका व्यवसायी हस्त राईले किनेको गाडी दुई वर्ष नबित्दै खोटाङको ऐंसेलुखर्कको डाँडामा अलपत्र अवस्थामा बस्यो । आजसम्म पनि त्यो गाडी त्यहीँ नै छ ।

गाडीकै कारण सृजित आर्थिक संकट सहन नसकेर उनको व्यावसायिक साझेदार रहेका अर्का व्यवसायी विदेश पलायन भएको हस्तबहादुर राई बताउँछन् । गाडीको कर्जा तिर्न बैंकले बारम्बार ताकेता गरिहरहेको छ । तर कसरी तिर्ने कुनै उपाय नै नभएको राईले बताए । हरिबहादुर राई, जिवा श्रेष्ठ, टंक राई र अनन्त श्रेष्ठले पनि जग्गा बैंकमा धितो राखेर ४ वटा टु-ह्वील गाडी किने । तर, गाडीले निरन्तर धोका दिएपछि र मर्मत खर्च धान्न नसकेपछि उनीहरूले व्यवसायबाटै पलायन भइसकेका छन् । खोटाङकै मकर राईले त्रिदेव यातायात प्रालिबाट सञ्चालनमा ल्याउनेगरी फोर्सकै दुईवटा टु-ह्वील गाडी किनेका थिए । उनी पनि अहिले त्यही गाडीकै कारण व्यवसायबाटै अलग हुनु परेको बताउँछन् । सबैभन्दा पहिला फोर्सको ९ सिटे गामा गाडी किनेका व्यवसायी महेश तामाङ हुन् । अहिले उनी पनि गाडीकै कारण व्यवसायबाट हात धोएर बसेका छन् । फोर्सको गाडी किनेकै कारण धेरै व्यवसायीहरूको घरबास नै उठिबास लागेको तामाङको दाबी छ । नोवेल यातायात प्रालिका किशोर राई, बद्री गौतम र दीपक दाहाल पनि फोर्स कम्पनीकै गाडी किनेका कारण व्यवसायबाट पलायन भइसकेका छन् ।

**क्षतिपूर्ति माग गर्दै उपभोक्ता अदालतमा मुद्दा दायर**

आयामले बिक्री गरेको फोर्स कम्पनीको गाडीहरूमा देखिएका समस्याहरू कुनै एउटा गाडीमा आएको समस्या मात्रै होइन, यो कम्पनीबाट बिक्री भएका धेरैजसो गाडीहरूमा समस्या देखिएका छन् । गाडीको गुणस्तरमा गम्भीर त्रुटि भएका कारण यस्तो समस्या आएको व्यवसायीहरू बताउँछन् । गाडीमा समस्या आइसकेपछि कम्पनीले बाँकी गाडीहरू बेच्न नहुने उनीहरू गुनासो गर्छन् । तर, कम्पनीले गाडीमा समस्या छ भन्ने जान्दाजान्दै पनि झुक्याएर गाडी बेचेको उनीहरूको आरोप छ ।

**गाडीमा के के थियो समस्या ?**

सुरुमा गामा गाडी किनेका महेश तामाङका अनुसार फोर ह्वील गाडीमा एक महिनामै इन्जिन सिज हुने समस्या देखियो । यो बाहेक फोर ह्वील र टु ह्वील दुवै गाडीको जति मर्मत गर्दा पनि पटक पटक गुड्दागुड्दै टायर फुत्किने अर्को डरलाग्दो समस्या थियो । देवान राईको गाडी खोटाङको कदुवामा टायर फुत्किँदा भित्तामा ठोक्किएर १३ यात्रु घाइते भए । हरिबहादुर राईको गाडी सिन्धुलीको सुलिभञ्ज्याङमा टायर फुत्किँदा १३ जना घाइते भए । जिवा श्रेष्ठको गाडीको पनि सिन्धुलीमै टायर फुत्किएर सुनकोशीमा खस्यो, भाग्यले गाडी भित्तामा अड्कियो, तर १३ जना यात्रु घाइते भए । यस्ता धेरै घटनाहरू भएको र नेपाल भरीका फोर्सका गामा र क्रुज गाडी किनेका व्यवसायीहरूले यो समस्या भोगेको तामाङको दाबी छ । जति मर्मत गरे पनि यो समस्या दोहोरिनै रहेको अर्का व्यवसायी जीवनाथ श्रेष्ठले बताए ।

गाडीको चक्का मोड्न प्रयोग हुने 'टक्सन रड' सामान्य खाल्डाखुल्डीमा पनि भाँचिने र 'सेन्टर रड' बारम्बार खुस्किरहने समस्या सामान्य जस्तै रहेको व्यवसायीहरू बताउँछन् । गाडीका पार्टपुर्जाहरू छिटो बिग्रने मात्र होइन, बजारमा अन्य कम्पनीको तुलनामा अत्यधिक महँगो पनि भएकाले गाडी मर्मतमा नै धेरै खर्च गर्नुपर्ने अवस्था रहेको व्यवसायीहरूको गुनासो छ । गाडी बिग्रिएपछि आम्दानी शून्य हुन्थ्यो, तर पनि बैंकले कालो सूचीमा राख्ला भनेर व्यवसायीले ऋणपान गरेर पनि किस्ता भने तिरिरहे ।

**आयामको कुरै अर्कै**

व्यवसायीहरूले आयाम इन्टरकन्टिनेन्टलकै कारण फोर्सको गामा र क्रुज गाडी किनेका व्यवसायीहरूको घर न घाट भएको कुरा भने आयाम इन्टरकन्टिनेन्टलका अध्यक्ष ध्रुवबहादुर थापा भने स्वीकार गर्दैनन् ।

उनले मेसेनरी सामानहरू उत्पादन हुँदा सबै गुणस्तरीय हुन्छ भन्ने ग्यारेन्टी त हुँदैन, तर व्यवसायीहरूले आरोप लगाएजस्तो पनि नभएको बताए । बाटोको कारण गाडी बिग्रिएको बताउँदै उनले गाडी सञ्चालन गर्न नसकेको पछि उनीहरूले कम्पनीलाई नै बदनाम गर्न खोजेको बताए । थापाले व्यवसायीहरूले गलत दाबी गरेको भने तापनि केही व्यवसायीहरूले आयामले आफूहरूलाई ठगी गरेको भन्दै उपभोक्ता अदालतमा क्षतिपूर्तिको माग राख्दै मुद्दा दायर गरेका छन् ।

# उत्तराखण्डको बाढीमा १३ नेपाली वेपत्ता

**संवाददाता**
**काठमाडौं, साउन २२**

भारतको उत्तराखण्ड राज्यमा बुधबारको भीषण बाढीपहिरोमा परि नेपाली पनि गम्भीर रूपमा प्रभावित भएको खबर आएको छ । उक्त घटनापछि जाजरकोट जिल्लाका १३ जना सम्पर्कविहीन छन् भने पाँच जनाभन्दा बढी नेपाली पहिरोमा पुरिएको आशंका छ ।

भारतीय सञ्चारमाध्यमहरूका अनुसार लगातारको मुसलधारे वर्षाका कारण उत्तराखण्डको पिथौरागढ, चम्पावत, रुद्रप्रयाग र चमोली जिल्लामा बाढी र पहिरोका घटना भएका छन् । कामका लागि ती क्षेत्र पुगेका नेपाली पनि सोही विपद् मा फसेका छन् । धेरै नेपाली श्रमिक तथा तीर्थयात्रीका रूपमा उत्तराखण्डमा पुगेका थिए ।

पिथौरागढ नजिकैको एक पहाडी क्षेत्रमा ठूलो पहिरो जाँदा पाँच जना नेपाली पुरिएको आशंका गरिएको छ । उनीहरू कामको सिलसिलामा उक्त स्थानमा बसेका थिए । घटनापछि भारतीय सुरक्षाकर्मी र उद्धार टोलीले खोजी कार्य अघि बढाएका छन्, तर मौसम प्रतिकूल भएकाले उद्धारमा समस्या भइरहेको छ ।

जाजरकोट जिल्लाका एकै गाउँका १३ जना भारतको चम्पावततर्फ गएका थिए । उनीहरू बाढीपछि सम्पर्कविहीन छन् । उनीहरू श्रमिकका रूपमा काम गर्न भारत गएका थिए । परिवारका सदस्यहरूले सम्बन्धित निकायहरूलाई खबर गरिसकेका छन् र खोजीमा सहयोग गर्न आग्रह गरेका छन् । घटनापछि स्थानीय प्रहरी प्रशासन र नेपाली दूतावासबीच समन्वय भइरहेको बताइएको छ । वेपत्तामध्ये चारै जना नेपाली नागरिक एकै परिवारका नातेदार परेका छन् । जो केही साताअघि कामको सिलसिलामा उत्तराखण्ड गएका थिए । उनीहरू चम्पावततर्फ गएको र त्यसपछि सम्पर्कविहीन रहेको जानकारी परिवारले दिएको छ । परिवारजनहरूले नेपाल प्रहरीमार्फत भारतीय सुरक्षाकर्मीहरूसँग समन्वय गरी उद्धारका लागि अपिल गरेका छन् ।

## आजको राशिफल

**मेष** — हात हालेका काममा सफलताको योग छ । आत्मविश्वास बढ्नेछ । नयाँ योजना सुरु गर्न समय उत्तम छ ।

**वृष** — सामाजिक र पारिवारिक सहयोग प्राप्त हुनेछ । आर्थिक लेनदेनका मामिलामा होसियारी अपनाउनु पर्नेछ ।

**मिथुन** — कामको चाप बढ्न सक्छ । साथीभाइबाट टाढा रहनुपर्ला । स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ ।

**कर्कट** — साझेदारीमा लाभ मिल्नेछ । प्रेममा सफलता मिल्ने सम्भावना छ । यात्राबाट लाभ हुने देखिन्छ ।

**सिंह** — कूटनीति र चातुर्यले काम बनाउन सकिनेछ । पारिवारिक साथ रहनेछ । खर्चमा सन्तुलन गर्न' होला ।

**कन्या** — विद्यामा प्रगति हुनेछ । मनमा शान्ति र सन्तोष रहनेछ । प्रेम र मित्रता गहिरिने समय छ ।

**तुला** — घरपरिवारमा सानातिना विवाद देखिन सक्छ । आम्दानीमा केही अवरोध आउन सक्छ । संयमित बोलचाल गर्न'होस् ।

**वृश्चिक** — महत्त्वपूर्ण काम अघि बढ्नेछ । मानसम्मान पाइनेछ । दाम्पत्य जीवन सुखद रहनेछ ।

**धनु** — धेरै बोल्दा अप्ठेरो पर्न सक्छ । व्यावसायिक निर्णय सोचविचार गरेर लिनुहोस् । दानपुण्यमा रुचि बढ्नेछ ।

**मकर** — राजनीति वा प्रशासनमा प्रभाव बढ्नेछ । नयाँ साथी बनाउने समय हो । धन लाभका संकेत छन् ।

**कुम्भ** — पढाइमा मन नजाँदासमेत प्रयास जारी ।चित हुनेछ । पुराना मित्रसँग भेटघाट हुनसक्छ । यात्रामा सतर्क रहनुहोस् ।

**मीन** — नयाँ अवसर प्राप्त हुन सक्छ । प्रेममा प्रगति हुनेछ । सौन्दर्य तथा विलासितामा खर्च बढ्न सक्छ ।

## 'निर्दोष छु,...

लामिछानेविरुद्ध सहकारी ठगीमात्रै होइन, संगठित अपराध, सम्पत्ति शुद्धीकरणलगायतको आरोपमा अदालतमा मुद्दा दर्ता छन् । लामिछाने सहकारी ठगी प्रकरणमा गत चैत २२ देखि कारागारमा छन् । उनले काठमाडौंमा कारागार सार्न निवेदन दिए पनि गृह मन्त्रालयले अनुमति दिएको थिएन ।

उनको रिहाइका लागि दबाब दिन पार्टीले हस्ताक्षर संकलन अभियान चलाइरहेका बेला बेला अदालतमा बैंक ग्यारेन्टीसमेत दिइएको निवेदनमा रुपन्देही जिल्ला अदालतमा तीन पटकसम्म पेसी चढिसकेको छ । यसअघि यही अदालतले बुटवलको सुप्रिम सहकारी ठगी अभियोगमा पुर्पक्षका लागि धरौटीमा छोड्न आदेश गरेको थियो ।

गत माघ १३ मा रूपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले लामिछानेलाई एक करोड धरौटीमा रिहा गर्न आदेश गरेको थियो । आदेशमा आफूलाई धरौटी बढी भएको भएको र धरौटी राख्नुपर्ने जरुरी नभएको माग गर्दै उच्च अदालत बुटवलमा निवेदन दर्ता गराएका थिए । यता सरकारी वकिल पक्षले थुनामा राख्नुपर्ने रविलाई धरौटीमा छाड्ने आदेश बदरको माग गर्दै निवेदन दर्ता गराएको थियो ।

त्यसै निवेदनमा टेकेर अदालतले उनको मागअनुसार धरौटी रकम कम नगरी जिल्लाको आदेश उल्ट्याउँदै उच्च अदालतले तुलसीपुरको बुटवल इजलासका न्यायाधीशहरू रमेश ढकाल र स्वीकृति पराजुलीले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेका थिए । गत चैत २२ मा आदेश आएकै दिन लामिछानेलाई काठमाडौंबाट पक्राउ गरी भैरहवा लगिएको थियो ।

**सर्वोच्चबाट पनि पुर्पक्षका लागि थुनामै**

लामिछानेलाई थुनामा राखेपछि उनकी पत्नी निकिता पौडेलले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गराएकी थिइन् । जेठ ९ गते सर्वोच्चले छोड्न अस्वीकार गर्दै उच्चको आदेश सदर गरेको थियो । न्यायाधीशहरू नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले जिम्मेवार व्यक्तिले सहकारी रकमबारे थाहा नपाएको जिकिरलाई स्विकारेको छैन ।

रविले अदालतलाई गोर्खा मिडियामा रहँदा सहकारीबाट रकम कम्पनीमा आएकोबारे आफूलाई 'केही जानकारी नभएको' जिकिर गर्ने गरेका छन् । 'आफूलाई केही जानकारी नभएको भन्ने जिकिरलाई विश्वास गर्न नसकेको,' सर्वोच्चले संक्षिप्त आदेशमा उल्लेख गरेको छ । उनी कार्यकारी निर्देशकको हैसियतमा बैठकमा पटकपटक उपस्थित भएको प्रमाण छ । बैठकले नै बैंकमा संयुक्त खाता खोलेर गीतेन्द्रबाबु (जीबी) राई, छविलाल जोशी वा रवि लामिछानेमध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने भनी निर्णय गरेको देखिन्छ । बैठकले गरेको निर्णयअनुसार खोलिएको कम्पनीको खातामा सहकारी संस्थाबाट पटकपटक रकम आएको प्रमाणले देखाएको छ । 'सहकारी संस्थाबाट रकम लैजाने गरी भएको आर्थिक कारोबारमा यी निवेदक प्रबन्ध निर्देशक हुनुपूर्वदेखि नै संलग्न भएको देखिन आयो,' सर्वोच्चले भनेको छ ।

उनको गोर्खा मिडियामा एक करोड ८० लाख रुपैयाँ बराबरको शेयर रहेको देखिएको छ । उनले सर्तबमोजिम कम्पनीको १५ प्रतिशत सेयर निःशुल्क पाएको बयानमा उल्लेख गरेका छन् । तर, २०७७ भदौ १० मा भएको एमओएमा निःशुल्क १५ प्रतिशत सेयर दिने उल्लेख भएको थियो । तर उनले आधिकारिक निकायमा पेस गरेको लगानी स्रोत फाराममा 'अन्य व्यवसायको आम्दानी, ऋण सापटी र पैतृक सम्पत्तिबाट' एक करोड ८० लाख रूपैयाँको सेयर लगानी गरेको उल्लेख छ । उनकै आफ्ना दुई वटा प्रमाण बाझिएको भनिएको छ । उनको भनाइलाई प्रमाणबाट समर्थन नमिलेको पनि आदेशमा उल्लेख छ । 'सोही सेयर खरिद गर्न सहकारी संस्थाबाट कर्जा लिएको देखिन आउँछ,' जेठ ९ मा जारी सर्वोच्चको आदेशमा उल्लेख छ ।

**हस्ताक्षर अभियान किन ?**

भैरहवामा पार्टीको बैठक बस्नु, हस्ताक्षर संकलन गर्नु र अदालतमा बैंक ग्यारेन्टीसहितको निवेदन दिनु फरक फरक भएको रास्वपाका प्रवक्ता मनिष झा बताउँछन् । पूर्वउपप्रधान एवं गृहमन्त्रीसमेत रहेका लामिछानेको पक्षमा ३२ लाख हस्ताक्षर संकलन भएको प्रवक्ता झाको दाबी छ ।

उनले देश बाहिर भएको हस्ताक्षर संकलन हुनै बाँकी रहेको बताए । 'अहिलेसम्म ३२ लाख हस्ताक्षर संकलन भएको छ । देश बाहिरको आउनै बाँकी छ । अहिलेसम्म संकलन भइसकेको मात्र हो,' उनले भने ।

'संकलित हस्ताक्षर के गर्नुहुन्छ ?' प्रश्नमा उनले भने, 'सबैको मत हो । संकलन गर्ने हो । उपयोग, दुरुपयोग केही हुँदैन । अहिलेसम्म केही निर्णय भइसकेको छैन । अभियान हाम्रो तर्फबाट एक किसिमको हुन्छ ।' रास्वपाले ९० दिनका लागि हस्ताक्षर संकलन गर्ने अभियान ९० दिन तोकिएको बिहीबारसम्म ४५ दिन भएको प्रवक्ता झाले बताए । उनका अनुसार यो अभियान छठ पर्वसम्म जानसक्ने सम्भावना छ । पार्टी सभापतिले अदालतमा दिएको निवेदन व्यक्तिगत विषय भएको उनले बताए । 'कानूनले दिएको अधिकारको अभ्यास हो । हस्ताक्षर पार्टीको अभियान हो । कानूनी प्रक्रिया फरक हो,' उनले भने ।

लामिछानेका सबैभन्दा निकट मानिएका रास्वपाका सहकोषाध्यक्ष दीपक बोहरा हस्ताक्षर अभियानका संयोजक हुन् । 'रवि लामिछानेमाथि भएको राजनीतिक प्रतिशोधविरुद्ध जनताको हस्ताक्षर' अभियानको नारा राखिएको छ ।

## पूर्वअध्यक्षसहित तीनजना...

यस्तै पूर्वअध्यक्ष मिश्रामाथि ८२ करोड ४६ लाख २९ हजार र वित्त शाखा प्रमुख ठकुरीमाथि २४ करोड ६३ लाख ९९ हजार रुपैयाँको बिगो कायम गरिएको छ । उक्त प्रकरणमा ३ अर्ब २० करोड ११ लाख ५४ हजार १५७ रुपैयाँ ३ पैसाको बिगो कायम गर्दै बैंकिङ कसुरसम्बन्धी मुद्दा दायर गरिएको हो । अदालतका सूचना अधिकारी बलबहादुर विष्टका अनुसार मुद्दा दर्तापछि साउन १५ र १६ गते बयान गराइएको थियो भने गत आइतबारदेखि निरन्तर बहस चल्दै आएको थियो । सरकारी वकिल कार्यालय र प्रतिवादी पक्षबाट गरी २४ जना कानुन व्यवसायीले बहस गरेका थिए ।

कर्णाली डेभलपमेन्ट बैंकलाई राष्ट्र बैंकले गत पुस १० मा समस्याग्रस्त घोषणा गरेको थियो । उक्त घोषणासँगै बैंकको सञ्चालन जिम्मा राष्ट्र बैंकले लिएर पुस ११ देखि तीन सदस्यीय व्यवस्थापन समूह गठन गरेको थियो । उक्त समूहको संयोजकत्वमा बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडा छन् ।

राष्ट्र बैंकका तर्फबाट गठित व्यवस्थापन समूहका सदस्य उपनिर्देशक जुगलकिशोर कुशवाहको जाहेरीमा मुद्दा अदालतमा पुगेको हो । तर, यति ठूलो घोटाला लामो समयसम्म कसरी लुकाइयो भन्ने सवालमा नियामक निकाय राष्ट्र बैंक स्वयंको भूमिकामाथि पनि प्रश्न उठेको छ । बैंकको व्यवस्थापन पक्ष, लेखा परीक्षण, कर्जा प्रवाह प्रणालीमा व्यापक बेथिति हुँदासमेत राष्ट्र बैंकले समयमै हस्तक्षेप गर्न नसकेको र प्रभावकारी निगरानी गर्न सकेको भन्ने आरोप पनि छ ।

## पूर्वअध्यक्षसहित तीनजना...

बाँकउनका अनुसार टेलिमेडिसिन सेवाले उपचारमा सघाएको छ । सरकारले सबैतिर विशेषज्ञ चिकित्सक खटाउन नसक्ने भएकाले जहाँबाट भए पनि परामर्शको सेवा सहज भए उपचार सेवालाई सजिलो बनाउन सकिने उनले बताए । टेलिमेडिसिनको सेवा पाउँदा दंग परेका जरसिंह बूढाले भने 'श्रीमतीको गालामा घाउ थियो । जिल्ला अस्पतालमा आएर टेलिमेडिसिनमा कर्णाली प्रदेश अस्पतालका डाक्टरबाट सल्लाह लिन पाइयो ।' हाल विशेषज्ञको सल्लाअनुसार उपचार सेवा पाइरहेको उनले बताए ।

# सीसीटीभी गाउँ पस्यो

**राज दयाल**
**ओखलढुंगा, साउन २२**

सीसीटीभीबाट गरिने निगरानीको प्रविधि गाउँ पसेको छ। ओखलढुंगाको मोलुङ गाउँपालिका-२ मा पर्ने रामपुर बजारमा सीसी क्यामरा जडान गरेर निगरानी सुरु भएको छ। गाउँपालिका र स्थानीय सुरक्षाकर्मीको सहकार्यमा क्यामेरा जडान गरिएको हो।

ग्रामीण भेगको प्रमुख व्यापारिक केन्द्रका रूपमा चिनिने रामपुर बजारमा जनसंख्या र व्यापारिक चहलपहल बढ्दो छ। सँगै आपराधिक गतिविधि बढ्न सक्ने सम्भावनाका कारण निगरानी थालिएको मोलुङ-२ का कार्यवाहक वडाध्यक्ष विपिन राईले बताए।

उनका अनुसार बजारका मुख्य स्थानहरूमा क्यामेरा जडान गरिएको छ जसले पैदलयात्रीको चहलपहल, सवारीसाधनको गतिविधि, आकस्मिक घटना तथा विवादका दृश्यहरू कैद गर्न सक्नेछ। संकलित दृश्यहरू सिधै इलाका प्रहरी कार्यालय रामपुरमा स्थापना गरिएको कन्ट्रोल रुममा प्रत्यक्ष प्रसारण हुने व्यवस्था मिलाइएको छ।

इलाका प्रहरी कार्यालय रामपुरका प्रहरी निरीक्षक मनिष लुईँटेलका अनुसार, 'सीसीटीभी निगरानीले बजार क्षेत्रको गतिविधिलाई वास्तविक समयमा नियाल्न र आवश्यक परे तुरुन्त कारबाही गर्न सजिलो बनाएको छ। यो प्रविधि ग्रामीण सुरक्षाको क्षेत्रमा एक प्रभावकारी अभ्यास बनेको छ।'

स्थानीय व्यापारी तुलसीराम काफ्ले भन्छन्, 'अब कारोबारमा झनै सजिलो भयो। सुरक्षाको अनुभूति बढेको छ, जसले व्यवस्थित व्यवसाय गर्न हौसला मिलेको छ।'

## कर्मचारी आन्दोलन
# प्रशासनिक काम ठप्प, पर्यटक निराश

**प्रकाश न्यौपाने**
**भैरहवा, साउन २२**

लुम्बिनी विकास कोषका कर्मचारीहरू चार बुँदे मागसहित आन्दोलनमा उत्रिएपछि कोषको सम्पूर्ण प्रशासनिक कामकाज ठप्प भएको छ। साउन १३ गतेदेखि शुरु भएको धर्ना र विरोध कार्यक्रम दश दिनसम्म पुग्दा समेत समाधानको कुनै संकेत देखिएको छ। कर्मचारी युनियनको नेतृत्वमा भइरहेको आन्दोलनप्रति कोषका पदाधिकारीहरूले बेवास्ता गर्दै आएको आरोप आन्दोलनरत पक्षको छ। 'हाम्रा माग सम्बोधन गर्न कोष तयार छैन, बरु पदाधिकारी त भेटिनै गाह्रो छ', कोष कर्मचारी युनियनका अध्यक्ष अब्दुल ओफाले भने। उनका अनुसार, वर्षौंदेखि करारमा कार्यरत कर्मचारीहरूलाई न त स्थायी बनाइएको छ न त अन्य सुविधा उपलब्ध गराइएको छ।

संचित बिदा, कोष भत्ता र महँगी भत्ता उपलब्ध गराउनुपर्ने, विनियमावली २०७९ संशोधन गरेर सेवा करारमा कार्यरत कर्मचारीलाई सीमित प्रतियोगिताबाट स्थायी बनाउने, दरबन्दी स्वीकृत गराई सबै कर्मचारीलाई स्थायी बनाउने, स्थायी कर्मचारीलाई पदोन्नति प्रक्रिया अघि बढाउने कर्मचारी युनियनले राखेका मुख्य चार माग हुन्। यिनै मागहरू लिएर आन्दोलनरत कर्मचारीहरूले कार्यालयमा तालाबन्दी गर्दै आएका छन्। माग पूरा नभए अब गुरुयोजना क्षेत्र प्रवेशद्वार, टिकट काउन्टर र संग्राहलयमा समेत तालाबन्दी गर्ने चेतावनी कर्मचारीले दिएका छन्। 'हामीलाई निरन्तर बेवास्ता गरे अब सम्पूर्ण क्षेत्र बन्द गर्छौं', अध्यक्ष ओफाले चेतावनी दिए।

लुम्बिनी विकास कोषमा हाल ४० स्थायी र १७७ करार सेवाका कर्मचारी कार्यरत छन्। आन्दोलनरत कर्मचारीहरूले आफन्त र राजनीतिक नियुक्तिहरू स्थायी भइरहँदा दशकौंदेखि काम गरिरहेका करारकर्मीहरू भने उपेक्षित भएको गुनासो गरेका छन्।

कर्मचारी सीतारा जयसवाल भन्छिन्, '१५ वर्षदेखि काम गर्दै आएकी छु, तर आजसम्म न त स्थायी भएँ न अन्य सुविधा पाइयो। हाम्रो भविष्य नै अन्धकार बनाइयो।'

पदाधिकारीहरूको अनुपस्थिति आन्दोलनलाई अझ जटिल बनाउँदै गएको छ।

## प्रहरीको गोली लागेर लालु यादवको मृत्यु प्रकरणमा सहमति

सप्तरी (संवाददाता)- सप्तरी राजगढ गाउँपालिका-२ कमलपुरस्थित प्रहरीको गोली लागी लालु यादवको मृत्यु भएपछि जारी आन्दोलनमा सहमति भएको छ।

बिहीबार प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले सहमति भएको हो।




हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

JJ MARBLE
Building Castles since 2001

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

**Zubair Ahmad Khan**
Chairman

Al Hayat Group
AL HAYAT
Management System Pvt. Ltd.

## अमेरिकामा नेपालीभाषी

# घर पस्यो बन्दुक



news24 दैनिक
राजेश कोइराला

अमेरिकामा नेपालीभाषी बढेसँगै बन्दुकको शिकार हुने नेपालीभाषीको संख्या पनि बढेको छ। त्यही भएर पनि बन्दुकको शिकार हुने नेपालीभाषीका दुखद् खबरहरूले झसंग पार्ने गरेको छ।

कुनै समय यस्तो थियो। कोही कतै मारियो भने नेपालीबीच आपसी कुरा हुँदै खबर फैलिन्थ्यो, र त्यसरी फैलिने खबर ढिलागरी फैलिन्थ्यो। स्थानीय सञ्चारमाथिको निर्भरतामा नेपाली पछि परेकाले पनि यसो हुने गरेको थियो। सञ्चारमाध्यमका नाममा सीमित नेपाली न्यूजपोर्टल त थिए, तर तिनले ताजा अपडेट गर्न भ्याउँदैनथे। जसले न्यूजपोर्टल चलाउँथे ती भन्थे, कामबाट फर्केपछि अपडेट गर्छु। नत्र, पछिल्ला समाचारका लागि नेपालकै कुनै सञ्चारमाध्यमको भर पर्नुपर्ने थियो। अमेरिकामा अझै पनि विश्वासिलो नेपाली न्यूजपोर्टल छैनन् भन्दा अत्युक्ति नहोला। अमेरिकाका आधिकारिक समाचारका लागि सामाजिक सञ्जाललाई नपत्याउनेले नेपालका विश्वासिला न्यूजपोर्टल कुर्नै पर्ने अवस्था छ।

हाल अमेरिकामा ठूलै संख्यामा नेपालीहरूको बसोवास छ। माओवादी विद्रोहसँगै अमेरिकामा नेपालीको संख्या वृद्धिले द्रुत गति लिएको देखिन्छ। सन् १९९० मा २ हजार ६ सय १६ को संख्या रहेका नेपाली त्यसको ठिक दश वर्षपछि सन् २००० मा ७ हजार ८ सय ५८ भए। त्यो संख्या सन् २०१० मा ५१ हजार ९ सय ७ र सन् २०२० मा २ लाख ५ हजार २ सय ९७ भयो।

एनआरएन अमेरिकाले अमेरिकामा रहेका नेपालीको संख्या सन् २०१७ जनवरीमा पहिलोपटक सार्वजनिक गर्दा अमेरिकामा २ लाख ५१ हजार नेपाली रहेको जनाएको थियो। संस्थाले वार्षिक १५ हजार पाँच सयका दरले नेपाली थपिँदै गएको अनुमान गरेको थियो। त्यो आठ वर्षअघिको कुरा हो। एनआरएनको अनुमान अनुसार आकलन गर्दा अमेरिकामा नेपालीको संख्या ३ लाख ७१ हजार पुगेको हुनुपर्छ। अमेरिकाका आधिकारिक निकायले यहाँ ५ देखि ६ लाखसम्म नेपाली होलान् भन्ने अनुमान गरेको छ। नेपालीहरूको स्थायी बसोवास ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बाक्लो छ। तीनमा डालस, न्यूयोर्क, वाशिङ्टन डीसी र यसको आसपासका सान फ्रान्सिस्को, बाल्टिमोर, बस्टन, एटलान्टा, पिट्सबर्ग आदि सहर पर्दछन्।

यसैबीच, अमेरिका तथा अरू सात मुलुकले सन् २००८ मा नेपालीभाषी भुटानीको पुनर्वास थाल्यो। सन् २०१७ सम्म र त्यसपछि आएका केहीको कुल संख्या हेर्दा करिब ९७ हजार नेपालीभाषी भुटानीलाई अमेरिका बसोवास गराएको तथ्यांक छ। उनीहरूको बसोवास अमेरिकाका ४० भन्दा बढी राज्यमा भए पनि पछिल्ला वर्षमा पेन्सलभेनिया, ओहायो र केन्टकीमा पनि सो समुदायको बाक्लो उपस्थिति छ।

अब आयो, बन्दुकको सन्दर्भ। अमेरिकामा कानुनसम्मत बन्दुक किन्नु कुनै अनौठो रहेन। बन्दुक किनेर राख्ने नेपाली र नेपालीभाषी भुटानी कति होलान् ? यसको उत्तर भेट्न सहज छैन।

नेपाली र नेपालीभाषी भुटानीमाझ बन्दुकका घटनालाई जोड्ने हो भने सन् २०१३ फेब्रुअरी ११ मा विद्यालयबाट फर्कँदै गरेका ९ वर्षीय डेभिन अर्याल मिनियापलिसमा, सन् २०१८ सेप्टेम्बरमा मेरिल्याण्डको राइट एडको गोदाममा काम गर्ने बृन्दा गिरी आदि मारिनु अरू बन्दुकका घटनाका अपवाद हुन्। नेपाली मारिएका अधिकांश घटना ग्यास स्टेसन वा साना किराना पसलहरूमा घटेका छन्।

दुई दशकअघि देखिको घटना हेर्ने हो भने अमेरिका आउनेबित्तिकै नेपालीभाषीले काम गर्ने ठाउँ भनेका ग्याँस स्टेसन वा साना किराना पसल हुन्। र, मारिनेहरू पनि यस्तै ठाउँमा थिए। पछि आफैं ग्यास स्टेसन वा साना किराना पसल चलाउने पनि बन्दुकका शिकार भए, तर कमै मात्र।

बन्दुक तेर्स्याएपछि हुने झडपका घटनाका किस्सा त हजारौं छन्। मृत्यु जित्ने सयौं छन्। बन्दुकबाहेक चक्कु, काठ वा धातुको लाठी प्रहार खाने त कति छन् कति।

सन् २०१३ फेब्रुअरीमा न्यूजर्सीको ग्याँस स्टेसनमा काम गर्ने बालकृष्ण कार्की, २०१२ जनवरीमा जर्जिया राज्यको डेकाल्ब काउन्टीको एउटा ग्याँस स्टेसनमा काम गर्ने दामोदर पाठक, वा २०२४ जुलाईमा टेक्सासको ग्याँस स्टेशनमा कार्यरत विकास वलीको मृत्युको घटना सबै ग्याँस स्टेसनमै भएका हुन्।

नेपालीभाषी भुटानी समाजमा बन्दुकको सम्बन्ध ग्यास स्टेसन वा साना किराना पसललाई पाखा लगाएर हेर्ने हो भने अनौठो छ। एउटा समय के आयो भने भुटानी युवा बन्दुक किन्न लालयित देखिए। उनीहरूको चाह टाटा मोबाइल जस्तो ट्रक र एउटा बन्दुकमा उच्च देखियो, फेसन जस्तै। तर, यससँग सम्बन्धित घटनाहरूले बेलाबेला पूरै नेपालीभाषी भुटानी समाजको ओठमुख सुकेको छ।

सन् २०१९ अगस्टमा ओहायोको सिन्सिन्याटीस्थित कट्टेल निवासमा पाहुना भएर आएका आफन्त युवाको कम्मरमा बाँधेको ग्लोक १९ हातेबन्दुक घरकी बुहारीले देखिन्। उनलाई जिज्ञासा भयो, त्यो साँच्चिकैको बन्दुक हो कि खेलौना हो ? उनले पाहुना आएको आफन्त युवाको कम्मरमा बाँधिएको बन्दुक झिकेर त्यसको घोडा थिचिन्। बन्दुकबाट निस्केको गोलीले उनका श्रीमान्लाई लाग्यो। उनका श्रीमान् टीकाको तत्काल निधन भयो।

सन् २०२२ मार्चमा ओहायोकै एक्रनको एउटा घरमा एउटा बालकले चलाएको बन्दुकबाट अर्को बालकको निधन भयो। यस्ता अरू घटना छन्, जसले सिंगो नेपालीभाषी भुटानी समाज झस्काइरहने।

नेपाली र नेपालीभाषीमा बन्दुकसम्बन्धी घटना केलाउँदा गत जुन महिनाको भर्जिनिया, मनाससको घटनालाई घर पसेको बन्दुक-घटनासँग जोडेर हेर्नुपर्छ।



*भर्जिनियास्थित मानेसास पार्कस्थित नजिकै एक घरमा एकै परिवारका चारजनाको गोली प्रहारबाट मृत्यु भएको थियो। प्रारम्भिक अनुसन्धानमा चारैजनाको गोली लागेर मृत्यु भएको खुलेको थियो।*

अमेरिकाको भर्जिनियास्थित मानेसास पार्कस्थित नजिकै एक घरमा एकै परिवारका चारजनाको गोली प्रहारबाट मृत्यु भएको थियो। प्रारम्भिक अनुसन्धानमा चारैजनाको गोली लागेर मृत्यु भएको खुलेको थियो। घटनास्थलमा एक हतियार पनि फेला परेको थियो। प्रहरीले उक्त मृत्युलाई हत्या वा आत्महत्या के हो भन्नेबारे अनुसन्धान गरिरहेको छ। सो घटनामा ३८ वर्षीय सन्तोष परियार, ३६ वर्षीय अञ्जु श्रेष्ठ, २ वर्षीय बालक र ८ वर्षीय बालिकाको देहावसान भएको थियो। छिमेकीहरूले मृतकहरू करिब ६ महिना अघि सो बस्तीमा आएको बताएका थिए। मानेसास पार्क उत्तर भर्जिनियामा रहेको एउटा सहर हो, जुन वासिङ्टन डीसीबाट करिब ३० माइल दक्षिण-पश्चिममा, प्रिन्स विलियम काउन्टीको बिचमा पर्छ। एकै परिवारका ४ जनाको मृत्युको घटना नेपाली परिवारभित्र घरभित्र बन्दुकका कारण भएको सम्भवत यो नयाँ र पहिलो हुनुपर्छ।

बन्दुक, अमेरिकाको संस्कृति हो। बन्दुकको सुरक्षासम्बन्धी शिक्षा बालकदेखि पाइन्छ। तर हाम्रा युवाका हातमा शिक्षाभन्दा पहिला बन्दुक आयो, बन्दुक शिक्षाको अंश रित्तो जस्तै रह्यो। रित्तो दिमागमा बन्दुक कम्मरमा भिरियो। त्यसले विनाश निम्तियो

# मोह र विवेकबीचको द्वन्द्व



news24 दैनिक
डा. नम्रता पाण्डे

धृतराष्ट्र उवाच– धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवःबाट गीताको आरम्भ हुन्छ। कुरूक्षेत्र कहाँ छ ? जसरी गीतामा 'धर्मक्षेत्रे कुरुक्षेत्रे' भन्ने वाक्यले विशेष अर्थ राख्दछ, त्यसैगरी जीवनमा धर्मक्षेत्र अर्थात् धर्मको क्षेत्रले आत्मिक सत्य र स्वचेतना जनाउँछ। त्यसैगरी, कुरुक्षेत्र भन्नाले कर्मको क्षेत्र जहाँ 'कुरु' गर्नुपर्छ, अर्थात् 'कर्म गर्नुपर्छ' भन्ने बुझिन्छ। यसको गुह्य ज्ञान र रहस्य भनेको मानव शरीर नै धर्मक्षेत्र हो, जहाँ सही र गलतबीच, प्रकाश र अन्धकार बीच, मोह र मुक्तिबीच निरन्तर युद्ध चलिरहेको हुन्छ। त्यसैले गीतामा आएको छ- शरीरमै छ कुरुक्षेत्र।

जसलाई बुझ्न पाण्डव र कौरव बुझ्दा सहज हुन्छ। पाण्डव र कौरव अर्थात् सद्गुण र दुर्गुण। पाण्डव भन्नाले पाँच इन्द्रिय नियन्त्रण, सत्य, धैर्य, विवेक, करुणा (धर्म पक्ष) अनि कौरव भन्नाले मोह, लोभ, राग, द्वेष, अहंकार, आलस्य (अधर्म पक्ष) हुन्। यी दुवै शरीर/मनभित्र छन्। त्यसैले, जब चेतना जागृत हुन्छ, त्यही स्थान कुरुक्षेत्र बन्छ। जहाँ आत्मा र अहंकारबीच युद्ध चल्छ। त्यसैगरी, अर्जुन भनेको जीवात्मा हो। अर्जुन हामी सबै हौं। जो निर्णय गर्न अल्मलिएका, द्विविधामा हुन्छौं। कृष्ण भनेको परमात्मा/अन्तरात्माको स्वरूप, कृष्ण हाम्रो अन्तर चेतनाका आवाज हो। जो हामीलाई धर्म र ज्ञानमार्गमा डोर्‍याउँछन्। त्यसैले गीता आत्मसाक्षात्कारको विज्ञान बनेको छ। गीता कुनै बाहिरी युद्धका लागि नभई आन्तरिक युद्धका लागि मार्गदर्शन हो।

जब हामी पाप-पुण्य, मोह/विवेक, लोभ-सन्तोष, अहंकार-विनयजस्ता द्वन्द्वबीच फस्छौं, जब मन द्विविधामा हुन्छ- के गर्ने ? के छोड्ने ? तब शरीर नै कुरुक्षेत्र बन्छ। कुरुक्षेत्र हाम्रो भित्री अवस्था हो। जब आत्मा चेतनाको युद्धमा उत्रन्छ, शरीर नै धर्मक्षेत्र बन्छ। हामीले हरेक दिन हरेक क्षेत्रमा गर्ने निर्णय, हरेक क्षण हुने मोह र विवेकबीचको द्वन्द्व, हामीले गर्ने कर्म र त्यसको फलप्रतिको आसक्ति नै गीतामा वर्णित वास्तविक युद्ध हो। गीता बाहिरी युद्धको कथा होइन, भित्री युद्धको समाधान हो।

महाभारत केवल एक युद्धकथा होइन। यो त मानव जीवनका गूढ रहस्यहरूको गहिरो दर्शन हो। यसको हृदयस्थलमा रहेको श्रीमद्भगवद् गीताले जीवन, कर्तव्य, आत्मा र मोक्षको सार प्रस्तुत गर्दछ। गीता मानव जीवनलाई जन्मदेखि मृत्युसम्मको, अज्ञानदेखि ज्ञानसम्मको, बन्धनदेखि मुक्तिसम्म एक यात्राका रूपमा देख्छ। जीवन एक यज्ञ हो- कर्तव्यमार्गमा अडिग रहनु नै धर्म हो। श्रीकृष्णले अर्जुनलाई युद्ध गर्न उत्प्रेरित गर्नु कर्तव्यबाट भाग्नु जीवनको उद्देश्य होइन भन्ने स्थापित गर्नका लागि थियो।

'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन, मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥' (अध्याय २, श्लोक ४७) अर्थात् तिमीलाई कर्म गर्ने अधिकार छ, फलप्रतिको आशक्ति होइन। फलको कारण कर्म नगर्नु, वा निष्क्रिय रहनु उचित होइन। तर, हामी परिणाम आफ्नो पक्षमा आउला भन्ने आशले कर्म गर्छौं। आफूलाई फाइदा हुने र आफ्नो अनुसार नहुने हो भने किन कर्म गर्ने ? प्रश्न उब्जन्छ। त्यहि सोचले प्रेरित हुँदा कर्म र कर्तव्य बाँधिएको हुनाले हरेक क्षेत्रमा हाम्रो स्थिति र परिस्थिति आजको अवस्थामा छ। यसको गहिराइको मर्म हामीले बुझ्न खोजेनौं, बुझ्न सक्ने ज्ञान र अनुभव भएन। सतही लाभ र सम्मानको पहिचान बनाउनमा हाम्रो ऊर्जा खर्च भयो। हामीले बुझेनौं, जीवनको सार कर्तव्य पालनमा छ, नतिजामा होइन। निष्कलंक कर्ममार्फत कर्तव्यपरायणमा चुक्यौं जीवनमा। केवल लिनमा तल्लीन भयौं। आत्मा अमर छ भन्ने सबैलाई थाहा छ। गीताले दर्शाउन खोजेको के हो भने मृत्यु केवल परिवर्तन हो। मानव शरीरलाई वस्त्र सरह हो, जुन परिवर्तनशील छ तर आत्मा शाश्वत छ।

'वासांसि जीर्णानि यथा विहाय, नवानि गृण्हाति नरोऽपराणि, तथा शरीराणि विहाय जीर्णानिन्यानि संयाति नवानि देही ॥' (अध्याय २, श्लोक २२) जीर्ण वस्त्रलाई छाडेर मानिसले नयाँ वस्त्र लगाएसरी आत्माले पुरानो शरीर छाडेर नयाँ शरीर लिन्छ। मानव जीवन जन्ममृत्युको चक्रको अंशका रूपमा छ, जहाँ चेतनाको विकास नै जीवनको सार हो। मन र इन्द्रियको नियन्त्रणले नै जीवन सफल हुन्छ। दुःखको कारण मनको चञ्चलता हो। गीताले दर्शाउन खोजेको छ, जसले मनलाई वशमा गर्न जान्दछ, उसले आत्मज्ञान पाउँछ।

'बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः, अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ।' (अध्याय ६, श्लोक ६) जसले आफ्नो मनलाई जित्छ, ऊ आत्माको मित्र हो। तर, जसले मनलाई वशमा गर्न सक्दैन, उसको लागि मन नै शत्रु हो। मनको विजय भनेको आत्मसाक्षात्कार हो; मुक्ति हो। मुक्ति किन चाहियो ? किनभने, जीवनको अन्तिम लक्ष्य नै मुक्ति अर्थात् मोक्ष हो। स्वधर्ममा स्थित रहँदै आत्मज्ञान पाउनु नै मोक्ष हो। मोह, लोभ, र अहंकारबाट मुक्त भएर जीवनयापन गर्नु नै जीवनको अन्तिम लक्ष्य हो।

'सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज, अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥' (अध्याय १८, श्लोक ६६)। सबै धर्म (आडम्बर, भ्रम, मोह) त्यागेर मेरो शरणमा आऊ, म तिमीलाई सबै पापबाट मुक्त गर्नेछु। गीतामा यसरी जीवन दर्शनलाई बुझाइएको छ। त्यसैले हाम्रो अनुभव, धर्म र कर्तव्य भनेकै मानव जीवनलाई एक चेतनशील यात्राका रूपमा देख्न सक्नु हो- जहाँ प्रत्येक संघर्ष, निर्णय, र अनुभवले आत्मा परिपक्व हुन्छ। जीवन केवल बाँच्नु होइन, चेतनाको विकास अनुभूति गर्नु हो। जबसम्म हामी सिकिरहेका छौं, तबसम्म हामी बाँचिरहेका छौं। जस्तै, अर्जुनले युद्ध मैदानमै आत्मज्ञान पाए, हामीले पनि हाम्रो कर्मक्षेत्रमै बोध पाउन सक्छौं। त्यसैले, जीवन युद्ध होइन, ज्ञानको यात्राको नाम हो। जीवनलाई धेरैले संघर्ष, पीडा, प्रतियोगिता र युद्धको रूपमा बुझ्ने गर्छन्। हाम्रो दैनन्दिन जीवन पनि केही हदसम्म यस्तै देखिन्छ- ज्ञानको होड, पैसाको दौड, सम्बन्धको तनाव, र सफलताका लागि संघर्ष। तर जीवन बाह्य प्रतिस्पर्धा, अहंकार, लोभ, ईर्ष्या, र बाहिरी संसारसँगको निरन्तर द्वन्द्व मात्र होइन। केवल जित-हार, सफल-असफल, लाभ-हानिको हिसाब होइन। त्यसैले जीवन ज्ञानको यात्रा हो। ज्ञानको यात्रा भन्नाले आत्मसाक्षात्कार, मन-बुद्धि-आत्मा बीचको सम्बन्ध बुझ्ने प्रक्रिया, र आफ्नो वास्तविक उद्देश्य, जीवन धर्म पत्ता लगाउने बाटो हो।

आत्मा के हो ? म किन जन्मिएको हूँ ? मेरो कर्म के हो ? म कसरी मुक्त हुन्छु ? मोह र ममता के हुन् ? जस्ता प्रश्नहरूको खोज अहिलेबाटै गर्नुछ। हाम्रो ज्ञान यात्राका चरणहरू छन्- स्वधर्मको बोध। 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः' आफ्नो धर्म (कर्तव्य) अनुसार जीवनयापन गर्नु नै श्रेयस्कर हुन्छ। ज्ञानको यात्रा यहींबाट सुरु हुन्छ- जब हामी आफ्नै कर्म/धर्म बुझ्न थाल्छौं।

# निजामती प्रशासनको नालीबेली



news24 दैनिक
द्वारिकानाथ ढुंगेल

आफ्नो भौगोलिक सीमाभित्र बसेका नागरिकलाई सुरक्षाको अनुभूति दिनु र तिनलाई शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार लगायतका आधारभूत सेवाहरू प्रदान गर्ने गराउने व्यवस्था मिलाउनु प्रत्येक राज्यको कर्तव्य हो। सीमाबाहिर बसेका आफ्ना नागरिकको हकहितको सुरक्षाको प्रत्याभूति गराउनु पनि राज्यको कर्तव्यभित्रै पर्दछ। अन्य राज्यहरूसँगको सम्बन्ध विषयक कार्य सम्पादन गर्नुका साथै राष्ट्रको सार्वभौमिकता एवं सीमाको सुरक्षा गर्ने विषय पनि राज्यका प्रमुख कर्तव्य हुन्।

नेपालको हकमा पनि राज्यले आफ्नो कर्तव्य प्रभावकारी एवं दक्षतापूर्वक सम्पादन गर्ने क्रममा प्रत्येक शासनकालमा सम्बन्धित शासक/सरकारले आवश्यकता अनुसार कानून, संगठन, जनशक्ति तथा शासन सञ्चालनका आधार र प्रक्रियाको व्यवस्था गरेको छ। साथै, समय-समयमा तिनमा सुधार गर्दै लगेको छ। स्मरण रहोस्, १०४ वर्षसम्म चलेको जहानियाँ राणा शासनलाई २००७ साल फागुन ७ गते अन्त्य गरिएपछि मुलुकमा स्थायी संविधान जारी नगरुञ्जेलसम्म राज्य सञ्चालनका लागि मुलुकमा नेपाल अन्तरिम शासन विधान ऐन, २००७ जारी भएको थियो । ऐनले शक्ति पृथकीकरणको सिद्धान्तलाई स्वीकार गर्दै मुलुकमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका तथा संवैधानिक अंगहरू (पब्लिक सर्भिस कमिसन र लेखा नियन्त्रक् कन्ट्रोलरे तथा महालेखापरीक्षक् अडिटर जनरले को व्यवस्था गरेको थियो।

निजामती प्रशासनको विकास तथा सुधारको सन्दर्भमा राजनीतिक नेतृत्वको प्रतिबद्धताबिना कुनै पनि क्षेत्रमा सुधार हुन सक्दैन भन्ने कुरा बिर्सन नसकिने तथ्य हो। कारण राजनीतिक नेतृत्वले निजामती प्रशासनलगायत सम्पूर्ण सार्वजनिक प्रशासनको सहायतामा राज्य सञ्चालन गर्नुपर्ने हुन्छ । त्यसमा पनि प्रजातान्त्रिक पद्धति अपनाइएका मुलुकमा आवधिक रूपमा सम्पन्न हुने निर्वाचनपछि सत्तामा पुग्ने राजनीतिक नेतृत्वले निर्वाचनको समयमा जनतामा गरेको वाचा पूरा गराउने चाहना राख्नु स्वाभाविक हुन्छ। त्यसक्रममा निजामती कर्मचारीलगायतका अन्य सेवामा संलग्न कर्मचारीले नवनिर्वाचित नेतृत्वलाई राज्य सञ्चालन सम्बन्धमा संस्थागत सम्झना गराउने, प्रचलित ऐन कानूनबारे जानकारी गराउने र सुधार गर्नुपर्ने कुरामा समेत राय-सल्लाह दिने काम गर्नुपर्ने हुन्छ।

प्रशासन सुधारका सम्बन्धमा विदेशी निकाय तथा सल्लाहकारले पनि सुझाव दिनसक्छन् तर जबसम्म सुधारका लागि राजनीतिक नेतृत्व मन, वचन र कर्मले प्रतिबद्ध हुँदैन तबसम्म समयको माग अनुसारको निजामती प्रशासनको विकास तथा सुधार हुन सक्दैन् । अर्थात्, राजनीतिक दृढताबिना पदीय दृष्टिकोणबाट जतिसुकै ठूला व्यक्तिले सुधार आयोगको नेतृत्व गरेका भए पनि सुधार सम्भव हुँदैन।

मुलुकको निजामती प्रशासनको विकास क्रम तथा यसमा सुधारका लागि गरिएका प्रयासबारे जे जति प्रकाशन छन्, ती केलाउँदा हाम्रो कर्मचारी प्रशासनको इतिहासको सांगोपांगो चित्र कोर्न सकिन्छ। त्यस्ता, सामग्रीमा युजिन बारमर मिहालीको 'वैदेशिक सहायता र नेपालको राजनीति' एक हो। जसमा नेपालको प्रशासनमा भारतीय प्रशासकहरूको संलग्नता, संयुक्त राष्ट्रसंघद्वारा खटाइएका सल्लाहकारको भूमिका र प्रशासन सुधारमा संयुक्त राज्य अमेरिकाको सहयोगको वर्णन गरेका छन्।

आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा) ले २०२७ सालमा प्रकाशित सुशीलादेवी गंगोल लिखित 'नेपालको प्रशासनमा विदेशी विज्ञहरूद्वारा तयार गरिएका प्रतिवेदनहरूको सर्वेक्षण' कृतिमा २००८ सालमा नेपाल सरकारको अनुरोधमा भारत सरकारले एनएम बुचको अध्यक्षतामा टोली खटाएर नेपालको निजामती प्रशासनको अध्ययन गराएको उल्लेख छ । बुच कमिटीको नामबाट परिचित छ, अध्ययन टोलीमा नेपालको तर्फबाट कानून सचिव तिलकशमशेर थापा र अर्थ सचिव हिमालयशमशेर राणा संलग्न थिए। सो कमिटीले दिएको प्रतिवेदनमा समावेश विषयका अतिरिक्त गंगोलले आफ्नो कृतिमा २०२५/२०२६ सालसम्म विदेशी विज्ञहरूले नेपालको कर्मचारी प्रशासन, आर्थिक प्रशासन र जिल्ला प्रशासनको क्षेत्रमा गरिनुपर्ने सुधारबारे दिएका सुझावको समेत संक्षिप्त जानकारी दिएकी छिन्।

सेडाद्वारा नै सन् १९७३ मा नन्दलाल जोशीद्वारा लिखित 'नेपालमा सार्वजनिक प्रशासनको विकासक्रम' प्रकाशन गरिएको थियो। उनले मुलुकमा प्रजातन्त्रको आगमनपछि सार्वजनिक प्रशासनको सुधारको क्रममा स्थापना गरिएको प्रशासन व्यवस्था विभाग, निजामती प्रशासनको जनशक्ति विकास कार्यक्रममा अमेरिकी सरकारको सहयोग एवं श्री ५ को सरकारले गठन गरेको वेदानन्द झा आयोगका बारेमा समेत वर्णन गरेका छन्।


यस अतिरिक्त जोशीले नारायणहिटी राजदरबार सचिवालयमा रहेको जाँचबुझ केन्द्रबारे पनि उल्लेख गरेका छन्। त्यस्तै जनशक्ति विकास कार्यक्रमअन्तर्गत त्रिभुवन विश्वविद्यालयभित्र सञ्चालित सार्वजनिक प्रशासन सम्बन्धी शैक्षिक एवं तालिम कार्यक्रमको विस्तृत वर्णन गरेका छन्। साथै, किताबमा सन् १९७० को दशकमा मुलुकको सार्वजनिक प्रशासनको क्षेत्रमा देखा परेका हाँकबारे पनि उल्लेख गरेका छन्।

सन् १९७६ मा प्रकाशित हेमनारायण अग्रवालको कृति 'नेपालको प्रशासकीय व्यवस्था परम्पराबाट आधुनिकतातर्फ' मा वि.सं. १८२६ पछि, अर्थात् गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाको तीनै सहर आफ्नो अधीनमा पारेर वर्तमान नेपालको निर्माण गरेदेखि २०१० सालको दशकसम्म, विशेषगरी राणाकालको सार्वजनिक प्रशासनको स्थितिको वर्णन र राणा शासकले गरेका सुधारका प्रयासबारे पढ्न पाइन्छ।

प्रशासन व्यवस्था विभागले २०३५ सालमा प्रकाशन गरेको सामग्रीको पहिलो खण्डमा एघार विदेशी विज्ञहरू: एमसी क्रेन्स्की, डा. रिचार्डएल पोडोल, ओग्लेन स्थाल, मेरियल आर गुडअल, ग्रिफिनहागन क्रोगर इन्क, वाल्टर फिसर, ए. लिन्सेल, सर एरिक फ्र्यान्कलिन, एलडी बोम्बरगर र एचएस वानसिन्घे र अु थाउड्ले नेपालको कर्मचारी प्रशासन, आर्थिक प्रशासन र जनशक्ति विकास विषयको अध्ययन गरी पेश गरेका प्रतिवेदन र एनएमबुच कमिटीको प्रतिवेदन समावेश छ । त्यसका साथै, तुलसीनारायण श्रेष्ठको २०४५ सालमा प्रकाशित 'नेपालको प्रशासनः ऐतिहासिक परिवेश' मा पूरातन नेपाल, मध्यकालीन नेपाल र आधुनिक नेपालको समयमा सार्वजनिक प्रशासनको क्षेत्रमा गरिएका सुधारका प्रयासको वर्णन छ।

नेपालको राजनीतिक, प्रशासनिक, कूटनीतिक र आर्थिक विषयमा नेपालीमा लेखिएका पुस्तकमध्ये सरदार भीमबहादुर पाँडे लिखित पुस्तक 'त्यसबखतको नेपाल' लाई एक गहन अध्ययन तथा सन्दर्भ सामग्री हो। २०४२ सालमा प्रकाशित पुस्तकको पाँचौं भागमा लेखकले राणाकालीन नेपालको प्रशासन र यससँग सम्बद्ध विषय समावेश गरेका छन्। पुस्तकमा निजामती र जंगी प्रशासन दुवै समेटिएको छ । विशेषगरी राणाकालको निजामती प्रशासनको स्वरूप, स्थापना भएका/गरिएका प्रमुख अड्डा, नामी हाकिम तथा विशेषज्ञको नाम पुस्तकमा छ, त्यसका साथै कर्मचारी प्रशासनको तौरतरिका, सरकारी जागिर खान चाहिने योग्यता, पजनी, सरुवा, बढुवा, पुरस्कार, बही-बुझारथ, राजस्वका स्रोत, खर्चका आधार र लेखा प्रणाली, सरकारी छाप तथा जिल्ला प्रशासनबारे विस्तृत वर्णन छ।

सन् १९८९ मा माधवप्रसाद पौडेलले 'नेपालमा प्रशासन सुधार' प्रकाशनमा ल्याएका थिए। त्यस सामग्रीमा २००७ सालदेखि २०४५ पुससम्म मुलुकको सार्वजनिक प्रशासनको क्षेत्रमा सुधार गर्ने क्रममा चालिएका कदमहरूको वर्णन तथा विश्लेषण छन् । उनले सन् १९५१ देखि १९५५ सम्मका प्रयासलाई ऐतिहासिक परिवेशको संज्ञा दिँदै सन् १९५६ देखि १९७६ सम्म आयोगमार्फत सुधारसम्बन्धी कार्य गरिएको र प्राप्त सुझावहरूको कार्यान्वयन स्थितिको वर्णनसहित प्रशासन सुधारबाट परेका प्रभाव उल्लेख गरेका छन्।



पुस्तक प्रसंग

२०५३ सालमा प्रकाशित 'आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१)' मा तुलसीराम वैद्य र त्रिरत्न मानन्धरले मुलुकको आधुनिक इतिहास सुरु भएदेखि अर्थात् सन् १७६८ (वि.सं. १८२६) देखि राणाकालको अन्त्यसम्मको मुलुकको सार्वजनिक प्रशासनको चित्र प्रस्तुत गरेका छन्। त्यसक्रममा, उनीहरूले शाहकाल र राणाकालमा कुन-कुन शासकको पालामा राज्य सञ्चालनको लागि के-के कार्यालय/निकाय स्थापना गरिए, कर्मचारी प्रशासन र कार्यपद्धतिबारे के-के काम भए भन्ने कुरा विस्तारपूर्वक वर्णन गरेका छन्।

मातृकाप्रसाद कोइरालाको २०६५ सालमा प्रकाशित 'क्रान्तिमा भूमिका' मा प्रधानमन्त्रीको जिम्मेवारी निर्वाह गर्ने क्रममा सार्वजनिक प्रशासनको क्षेत्रमा सुधार गर्न विदेशी सहायता माग्न आफूले गरेको प्रयास र यस सम्बन्धमा भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूसँग गरेको पत्राचारलाई पनि प्रकाशित गरेका छन्।

पंक्तिकार लिखित 'आधुनिक नेपालको निजामती सेवाको परिकल्पनाकार एवं प्रवर्तक टङ्कप्रसाद आचार्य' शीर्षकको कृतिमा २०१३ सालमा प्रधानमन्त्रीको अध्यक्षतामा गठित प्रशासन पुनर्गठन योजना आयोगले सम्पादन गरेका काम तथा आयोगको सिफारिसमा सरकारले प्रशासन सुधारको क्षेत्रमा चालेका कदमहरूबारे जानकारी पाउन सकिन्छ।

यसैगरी, सामान्य प्रशासन मन्त्रालयले २००९ सालदेखि २०६५ सालसम्म तयार भएका प्रशासन सुधार आयोगका प्रतिवेदनहरूको सँगालो २०७० साल कात्तिक २१ गते प्रकाशन गर्‍यो। यसमा २००७ सालमा एक सय चार वर्षदेखि शासन गर्दै आएको राणा शासनको अन्त्य भएपछि नयाँ परिवेश तथा आवश्यकता परिपूर्ति गर्न बेलाबेलामा सरकारको लागि वा सरकारले गठन गरेका समिति तथा आयोगले सरकार समक्ष के-के विषयमा के-के सुधार गरिनुपर्दछ भनेर दिएका सुझाव तथा सिफारिसहरू पढ्न पाइन्छ।

जनार्दन शर्मा लामिछाने लिखित २०७४ सालको प्रकाशन 'नेपालको प्रशासनिक संस्कृतिः (वि.सं. ९३७ देखि १८२६ सम्म)' मा उल्लिखित समयको प्रशासनिक संस्कृतिको वर्णन छ। जसमा मध्यकालीन नेपालको प्रशासनिक संस्कृतिलाई समेटिए पनि यसमा लिच्छविकाल, र शाहकालका कुरासमेत समावेश छ।

पंक्तिकारकै 'जिल्ला प्रशासनः मेरो भोगाइ' मा किरातकालदेखि २०४६ सालमा बहुदलीय शासन व्यवस्थाको पुनःस्थापना र त्यसपछिका केही वर्ष स्थानीय प्रशासनको क्षेत्रमा सरकारद्वारा चालिएका सुधार प्रयासहरूलाई समेटेको छ।

मिन्टोजंग थापाले आफ्नो विद्यावारिधिको लागि शोधपत्रको विषय 'सन् १९५१ - १९७४ सम्म नेपालको सार्वजनिक प्रशासनको विकासमा विदेशी सल्लाहकारहरूको भूमिका' छानेका थिए। यस शीर्षकअन्तर्गत उनले पेश गरेको शोधपत्रको छोटकरी रूप ४ वर्षअघि 'नेपालको सार्वजनिक प्रशासन' शीर्षकमा किताब प्रकाशन गरे। यसमा, सन् १९५१ देखि १९७४ सम्मको मुलुकको सार्वजनिक प्रशासनका विविधि पक्ष, उदाहरणका लागि राजनीति र प्रशासनको सम्बन्ध; भारतीय सहयोग टोली (मिसन); कर्मचारी प्रशासन व्यवस्था र यसमा संलग्न विदेशी सल्लाहकारको भूमिका; र तालिम केन्द्र स्थापना सम्बन्धमा गरिएका प्रयासबारे पढ्न पाइन्छ। साथै, थापाले आफ्नो प्रकाशनमा विदेशी सल्लाहकारको सूचीसमेत दिएका छन्।

मुलुकको निजामती प्रशासनको विकास तथा सुधारको क्षेत्रमा हात चोपलेकाहरूले पनि आफूले 'के कसरी काम गरेँ वा के के विषय कुन परिवेशमा निर्णय गरेँ' भन्ने बारेमा आफ्ना अनुभवका आधारमा लेखिएका सामग्री पाठकले पढ्न पाउनुपर्छ भन्ने तथ्य मनन गर्दै यो सामग्री तयार गर्ने जमर्को गरिएको हो।

२०४६ सालमा बहुदलीय शासन व्यवस्थाको पुनर्स्थापना पश्चात् जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ को प्रावधान अनुसार वि.सं २०४८ साल वैशाख २९ गते प्रथम आमनिर्वाचन सम्पन्न भएको थियो। आम निर्वाचनमा नेपाली कांग्रेसले बहुमत पाई त्यसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भएको सरकारले बहुदलीय शासन व्यवस्थाको माग र आवश्यकता अनुसार तत्कालीन निजामती प्रशासनमा सुधार गर्न चाह्यो । अनि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा एक 'उच्चस्तरीय प्रशासन सुधार आयोग' गठन भयो। तोकिएको ६ महिनामा आयोगले काम सम्पन्न गरेर प्रतिवेदन सरकार सामु पेश गर्‍यो, त्यही सामग्री 'प्रशासन सुधार आयोग, २०४८ को प्रतिवेदन' शीर्षकमा प्रकाशित छ । आयोगका उपाध्यक्ष कुलशेखर शर्मा थिए भने सदस्य सचिव भई काम गर्ने अवसर मैले पाएको थिएँ।

आयोगका सिफारिसहरू कार्यान्वयन गर्न गिरिजाप्रसाद कोइरालाको सरकारले नै तत्कालीन श्री ५ को सरकारलाई प्राविधिक टेवा पुर्‍याउन प्रधानमन्त्रीको कार्यालयमा प्रशासन सुधार अनुगमन समितिको कार्यालयको स्थापना गरेको थियो। मैले सो कार्यालयको सहसचिव र सचिव भएर काम गर्ने अवसर पाएँ। पछि वि.सं. २०५२ सालमा सामान्य प्रशासन मन्त्रालयको सचिवको जिम्मेवारीसमेत बहन गर्न पाएँ।

प्रशासन सुधार आयोग, २०४८ को सदस्य सचिव वा प्रशासन सुधार अनुगमन समिति वा सामान्य प्रशासन मन्त्रालयको प्रमुख प्रशासक (सचिव) पदको जिम्मेवारी निर्वाह गर्ने क्रममा मुलुकका प्रमुख कार्यकारी प्रमुख (प्रधानमन्त्री) र विभागीय मन्त्रीको निकटमा बसेर सार्वजनिक प्रशासन, विशेषगरी निजामती प्रशासन सम्बद्ध सुधार कार्य सम्पादनमा संलग्न हुन पाएँ । त्यस क्रममा प्रधानमन्त्री र विभागीय मन्त्रीहरू निजामती प्रशासनमा सुधार गर्न वा समयअनुसार परिवर्तन गर्न प्रतिबद्ध थिए वा थिएन भन्नेसमेत अनुभव गर्न पाएँ । उल्लिखित निकाय र राजनीतिक व्यक्तित्वहरूसँग काम गर्दाका अनुभव आज र भोलिका अध्येता तथा अन्य सरोकारवालालाई पनि उपयोगी हुन सक्दछन्।

यस सामग्रीमा प्रशासन सुधार आयोग २०४८ ले आफूलाई तोकिएको कार्यक्षेत्रले समेटेको विषयमा के सोचेर वा दृष्टिकोण राखेर के के सुधार गर्न सिफारिस गरेको थियो, त्यस क्रममा कुन-कुन समूह वा सरोकारवालासँग छलफल गरेको थियो र कस्तो निर्णय प्रक्रिया अपनाएर सिफारिस गरेको थियो भन्ने कुरा समेटिएका छन्।

यसैगरी, आयोगले काम समाप्त गरेपछि उसको सिफारिस कार्यान्वनमा सरकारलाई टेवा पुर्‍याउन प्रधानमन्त्री कार्यालयमा स्थापना गरिएको प्रशासन सुधार अनुगमन समितिमा संलग्न रहँदाको अवधिसम्म समितिद्वारा सम्पादन गरिएका कार्य र कार्य सम्पादन गर्दा आइलागेका कठिनाइ/समस्या तथा समितिकै औचित्यको विषय पनि यसमा समेटिएका छन्। उल्लिखित विषयका अतिरिक्त सामान्य प्रशासन मन्त्रालयको सचिव पदमा कार्यरत रहँदा निजामती सेवा, सञ्चालन र व्यवस्थापन लगायतका विषयमा गरिएका कार्य तथा सुधारका प्रयास तथा आफ्ना अनुभव पनि यस सामग्रीमा समावेश गरिएका छन् । यस सामग्रीमा समावेश भएका विषयवस्तुसम्बन्धी तिथि, मिति, काम गर्दा टिपिएका टिपोट (नोट), विभिन्न समूहसँग गरिएका छलफल वा अन्तरक्रिया पश्चात् तयार गरिएका प्रतिवेदन तथा आयोग/समिति/मन्त्रालयद्वारा तयार गरिएका कार्यपत्रमा आधारित छन् । साथै, प्रशासन सुधारसम्बन्धी काममा आफू संलग्न हुँदा र त्यसभन्दा अघिपछि प्रकाशनमा आएका सरकारी तथा अन्य प्रकाशनलाई पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ।

## ट्रम्पको कर नीति

# भारतलाई कस्तो असर पर्दैछ ?

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतमाथि ५० प्रतिशतसम्मको आयात कर लगाउने निर्णयले भारत-अमेरिका सम्बन्धमा तनाव सिर्जना गर्नुका साथै भारतीय अर्थतन्त्रमा गम्भीर प्रभाव पार्ने देखिएको छ। यो निर्णय मुख्यतः भारतले रुसबाट सस्तो मूल्यमा कच्चा तेल खरिद जारी राखेको कारण गरिएको हो। यो कदम केवल आर्थिक उपाय मात्र नभएर, ट्रम्पको भूराजनीतिक रणनीतिमा आधारित एक किसिमको दबाब नीतिको हिस्सा हो।

रुसको तेल र ट्रम्पको अप्रत्यक्ष चेतावनी

भारत विश्वकै तेस्रो ठूलो तेल उपभोक्ता हो र रुस-युक्रेन युद्ध सुरु भएयता, भारतले रुसबाट सस्तो दरमा कच्चा तेल आयात गर्दै आएको छ। यसले भारतलाई महँगी नियन्त्रण गर्न, व्यापार घाटा घटाउन र विदेशी मुद्रा सञ्चिति सुरक्षित गर्न ठूलो भूमिका खेलेको छ। तर यही व्यापारलाई 'युद्ध जारी राख्ने स्रोत' का रूपमा व्याख्या गर्दै, राष्ट्रपति ट्रम्पले भारतमाथि २५ प्रतिशत अतिरिक्त कर थप्दै जम्मा ५० प्रतिशत पुऱ्याएका छन्।

विश्लेषकहरूका अनुसार, ट्रम्पले भारतको काँधमा बन्दुक राखेर पुटिनमाथि दबाब दिन खोजिरहेका छन्- जुन न त व्यवहारिक देखिन्छ, न त न्यायसंगत नै।



**ट्रम्पले भारतको काँधमा बन्दुक राखेर पुटिनमाथि दबाब दिन खोजिरहेका छन्- जुन न त व्यवहारिक देखिन्छ, न त न्यायसंगत नै।**

**अर्थतन्त्रमा गहिरो असर**

ट्रम्पको यस कदमले भारतको निर्यात क्षमता र समग्र आर्थिकवृद्धिमा नकारात्मक प्रभाव पार्ने देखिन्छ। ब्लूमबर्ग मिडियाको अनुमान अनुसार, भारतको कुल गार्हस्थ उत्पादनमा १ देखि १.१% को कमी आउन सक्छ। विशेषगरी कपडा, छालाजन्य वस्तु, जुत्ता, गहना र अन्य श्रम-केन्द्रित उद्योगहरूमा ठूलो समस्या पर्ने देखिन्छ। अमेरिकाजस्तो ठूलो निर्यात बजारमा ५० प्रतिशत कर लाग्दा ती वस्तुहरू प्रतिस्पर्धी रहिरहन सक्ने छैनन्।

त्यस्तै, चालु खाता र पुँजी प्रवाहमा पनि दबाब पर्ने विश्लेषण गरिएको छ। निर्यात घटेपछि डलर आपूर्ति घट्नेछ, जसको असर भारतीय रुपैयाँको अवमूल्यनमा देखिन सक्छ। यस परिस्थितिमा भारतीय रिजर्भ बैंकले हस्तक्षेप गर्नुपर्ने सम्भावना देखिन्छ।

**कूटनीतिक चुनौती र मोदी सरकारको सन्तुलनकारी नीति**

प्रधानमन्त्री नरेन्द्र मोदी अहिले एक जटिल कूटनीतिक परिस्थितिको सामना गरिरहेका छन्। एकातिर, रुससँगको दीर्घकालीन रणनीतिक सम्बन्ध; अर्कोतिर, अमेरिकाजस्तो ठूलो व्यापारिक र रणनीतिक साझेदार।

ट्रम्पको घोषणापछि मोदीले दिएको प्रतिक्रियाको सीधा-सिधा नभए पनि संकेत स्पष्ट थियो - भारत आफ्नो नीतिमा विदेशी दबाबमा झुक्ने छैन। 'हाम्रा किसान, दुग्ध उत्पादक र माझीहरूको हित हाम्रो सर्वोच्च प्राथमिकता हो,' मोदीले भनिरहेका बेला, त्यो केवल कृषि क्षेत्रमा सीमित नभई, समग्र घरेलु हितप्रति प्रतिबद्धता दर्शाउने सन्देश थियो।

भारतीय परराष्ट्र मन्त्रालयले पनि युरोपका लागि तेल आपूर्ति फेरिएका कारण भारतले रुसबाट तेल आयात गर्न थालेको हो, जुन एक वैश्विक बजार सन्तुलनको हिस्सा थियो र यसमा अमेरिका स्वयंले प्रोत्साहन दिएको टिप्पणी गरेको छ।

**वैकल्पिक बजारको खोजी र दीर्घकालीन रणनीति**

भारतका लागि यो अवस्था चुनौती मात्र होइन, अवसर पनि बन्न सक्छ। ट्रम्पको कर नीतिले भारतलाई आफ्नो निर्यात रणनीति पुनः समीक्षा गर्न बाध्य तुल्याएको छ। भारतले दक्षिण एशिया, अफ्रिका, ल्याटिन अमेरिका लगायतका उदाउँदो बजारमा निर्यात विस्तार गर्ने योजना अघि सारेको छ।

अमेरिकाजस्तो बजारमा निर्यात असहज हुन्छ भने, वैकल्पिक बजारको खोज अपरिहार्य बन्छ। यही सन्दर्भमा भारत 'चाइना प्लस वान' जस्तो नीति अपनाउन सक्छ, जसमा चीनमाथि निर्भरता घटाएर अन्य देशहरूसँग व्यापारिक सम्बन्ध विस्तार हुनेछ।

**भारत झुक्ला ?**

अमेरिकी दबाब तीव्र देखिए पनि भारतको नीति सहनशील र रणनीतिक रूपमा परिपक्व देखिन्छ। रुसबाट सस्तो तेल खरिद हालैको आर्थिक सफलताको एक महत्वपूर्ण हिस्सा भएकाले यसलाई तुरुन्त रोक्नु भारतको हितमा हुँदैन। अर्कोतर्फ, ट्रम्पको आलोचना चीनप्रति नरम र भारतप्रति कठोर देखिएकाले यसलाई राजनीतिक रूपमा भारतमा 'अन्यायपूर्ण व्यवहार' का रूपमा चित्रण गरिएको छ।

विदेशी दबाबका कारण नभई आफ्नो आर्थिक र रणनीतिक स्वार्थअनुसार भारतसँग क्रमशः आफ्नो तेल आपूर्ति विविधिकरण गर्ने अवसर पनि छ।

राष्ट्रपति ट्रम्पको ५० प्रतिशत कर नीति भारतमाथिको अर्थ-राजनीतिक दबाबको स्पष्ट संकेत हो। यसले भारतको निर्यात, उद्योग र आर्थिक वृद्धिमा छोटो अवधिमा प्रभाव पार्न सक्छ, भारतले दीर्घकालीन रूपमा वैकल्पिक बजारको खोज, ऊर्जा आपूर्ति विविधिकरण, र रणनीतिक सन्तुलन कायम राख्दै आफूलाई अझ सुदृढ बनाउने सम्भावना प्रवल छ।

भारत अहिले व्यापारमात्र होइन, आर्थिक संप्रभुता र कूटनीतिक स्वतन्त्रताको रक्षाका लागि लडिरहेको छ। यस लडाइँमा भारत झुक्ला वा सन्तुलनको बाटोमा अगाडि बढ्ला त्यो भने आउँदा दिनले प्रष्ट्याउने छ।

**नेपालमा पर्न सक्ने सम्भावित प्रभाव**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा भारतमाथि ५० प्रतिशत कर लगाउने निर्णय सिधै भारतलाई लक्षित गरिएको भए पनि यसको छाया प्रभाव नेपालमा पनि पर्नेछ। किनभने, नेपाल र भारतको आर्थिक, व्यापारिक तथा रणनीतिक सम्बन्ध गहिरो छ।

भारतको अर्थतन्त्रमा आयात करको कारण आउने सम्भावित मन्दीले नेपाललाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा असर गर्न सक्छ। भारतमा जीडीपी १ प्रतिशतसम्मको गिरावट आउँदा भारतीय बजारको माग घट्न सक्छ, जसले नेपालबाट भारततर्फ हुने निर्यातमा कमी ल्याउनेछ। साथै, लाखौं नेपालीहरू भारतमा रोजगारीमा संलग्न छन्, जहाँ उद्योग र निर्यात क्षेत्र कमजोर हुँदा रोजगारी गुम्ने खतरा पनि बढ्न सक्छ। यसले रेमिट्यान्स घटाउने सम्भावना छ, जुन नेपालको विदेशी मुद्रा भण्डारका लागि एउटा महत्त्वपूर्ण आधार हो।

यसबाहेक, भारतले अमेरिकी बजारमा प्रतिस्पर्धा गर्न नसक्ने स्थिति आउँदा नेपाल पनि एउटा लक्षित बजार बन्नसक्छ, जसले गर्दा सस्तो मूल्यमा भारतीय वस्तु नेपालमा थुप्रिन सक्छ। उपभोक्ताका लागि त्यो फाइदाजनक देखिए पनि, घरेलु उद्योगमा प्रतिकूल असर पर्न सक्छ। खासगरी कपडा, छाला, कृषि तथा साना व्यवसायमा गम्भीर प्रभाव पार्ने देखिन्छ। नेपाली उत्पादकहरू यस्ता सस्तो भारतीय सामानसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा नहुन सक्छन्।

इन्धन आपूर्तिको हिसाबले पनि नेपालमा असर पर्न सक्छ। नेपालले आफ्नो सम्पूर्ण पेट्रोलियम आपूर्ति भारतमार्फत गर्छ। भारतले यदि अमेरिकी दबाबका कारण रुसबाट तेल आयातमा कटौती गऱ्यो भने, त्यसको असर भारतको बजारमा पेट्रोलियम मूल्यवृद्धिका रूपमा देखिन सक्छ। यस्तो वृद्धि स्वतः नेपालमा पनि प्रतिबिम्बित हुनेछ, जसले महँगी र व्यापार घाटामा असर पार्नेछ।

कूटनीतिक रूपमा हेर्दा भने यो अवस्था नेपालका लागि अवसरको रूपमा पनि आउन सक्छ। यदि अमेरिका-भारत सम्बन्धमा तनाव बढ्छ भने अमेरिका वा अन्य पश्चिमी राष्ट्रहरूले नेपालसँगको सम्बन्ध विस्तार गर्ने प्रयास गर्न सक्छन्। नेपालले यस्तो अवसरलाई गम्भीर कूटनीतिक तयारीका साथ उपयोग गर्न सके, वैदेशिक लगानी, व्यापार र सहकार्यका क्षेत्रमा नयाँ ढोका खोल्न सक्छ। तर यो अवसर उपयोग गर्न नेपालको परराष्ट्र नीति सन्तुलित, निष्पक्ष, दूरदर्शी र स्पष्ट हुन आवश्यक छ।

अन्ततः, ट्रम्पको कर नीति केवल भारत र अमेरिका बीचको आर्थिक खिचातानीजस्तो देखिए पनि, यसले नेपाललाई पनि सोच्न बाध्य बनाएको छ। आर्थिक सम्बन्धको गहिराइ, आपूर्तिको निर्भरता र भूराजनीतिक स्थानका कारण नेपाल चुपचाप बस्न सक्दैन। यस्तो परिस्थितिमा नेपालले घरेलु उद्योगलाई सुरक्षा दिने नीति, ऊर्जा आपूर्तिमा विविधिकरण गर्ने प्रयास, र कूटनीतिक चातुर्यमार्फत सन्तुलन कायम राख्नुपर्ने आवश्यकता झनै बढेको छ।

# स्किन केयरले बच्चामा एक्जिमाको जोखिम घटाउने

## प्लास्टिक उत्पादनमा चीन संसारमै अगाडि

**एजेन्सी, साउन २२**

सन् २०२४ मा सात वटा देशले सबैभन्दा सामान्य प्रकारका प्लास्टिकमध्ये दुई तिहाइ उत्पादन गरेको तथ्यांकले देखाएको छ।

बेलायती वातावरणीय परामर्शदाता 'युनोमिया' र जलवायु तथा ऊर्जा अनुसन्धान समूह 'जिरो कार्बन एनालिटिक्स'ले विश्वका सात वटा देशले सामान्य प्रकारका प्लास्टिकको दुई तिहाइ हिस्सा उत्पादन गरेका जनाएका छन्।

धेरै प्लास्टिक उत्पादन गर्ने मुलुकमध्ये पनि छ वटा मुलुकले उत्पादन गर्ने सामान्य प्लास्टिकको मात्रा चीन एक्लैले उत्पादन गर्नेगरेको तथ्यांकले देखाउँछ।

विश्वका १८४ देशले जेनेभामा प्लास्टिक प्रदुषणको समस्या अन्त्य गर्ने उद्देश्यले पहिलो पटक भएको सन्धिको वार्तामा साझा आधार खोज्ने प्रयास गरिरहेका बेला यो तथ्यांक सार्वजनिक गरिएको हो।

'युनोमिया' र 'जिरो कार्बन एनालिटिक्स' को अध्ययनले सबैभन्दा व्यापक रूपमा प्रयोग हुने प्लास्टिकको शुद्ध उत्पादन (भर्जिन पोलिमर) को उत्पादनमा ध्यान केन्द्रित गर्दछ । पोलिथिलीन (पिई), पोलिप्रोपाइलीन (पिपी), पोलिथिलिन टेरेफथलेट (पिइटी) र पोलिस्टिरिन (पिएस) सामान्यतया पेय बोतलहरूमा प्रयोग गरिन्छ । गत वर्ष ठूला चार वटा पोलिमर प्लास्टिकको उत्पादनमा चीन ३४ प्रतिशत, संयुक्त राज्य अमेरिका १३ प्रतिशत र साउदी अरब पाँच प्रतिशत जिम्मेवार रहेको अध्ययनले देखाएको छ।

त्यसैगरी दक्षिण कोरिया पाँच प्रतिशत, भारत चार प्रतिशत, जापान तीन प्रतिशत र जर्मनी दुई प्रतिशत पोलिमर प्लास्टिकको उत्पादनका लागि जिम्मेवार छन् । ऊर्जा क्षेत्रको तथ्यांक प्रदायक 'वुड म्याकेन्जी'को एक पुरानो अध्ययनअनुसार प्लास्टिक उत्पादन विश्वका विशाल कम्पनीहरूको समूहमा केन्द्रित छभने केही राज्यको स्वामित्वमा केन्द्रित छ।

सन् २०२१ मा विश्वका १८ वटा कम्पनीले मात्र विश्वको आधाभन्दा बढी प्लास्टिक पोलिमर उत्पादन गरेका छन् ।

वुड म्याकेन्जीका अनुसार विश्वको अग्रणी उत्पादक चीनको सरकारी स्वामित्वको चाइना पेट्रोलियम एन्ड केमिकल कर्पोरेसन (सिनोपेक) हो ।

सिनोपेकले मात्र विश्वको ५.४ प्रतिशत प्लास्टिक उत्पादन गर्छ । अमेरिकी तेल तथा ग्यास कम्पनी एक्सनमोबिल पाँच प्रतिशत, अमेरिकी बहुराष्ट्रिय रासायनिक कम्पनी ल्योन्डेलबेसेल ४.५ प्रतिशत, तेल कम्पनी साउदी अरामको ४.३ प्रतिशत र पेट्रो चाइना ४.२ प्रतिशत प्लास्टिक उत्पादन गर्नेगरेका छन् ।

**एजेन्सी, साउन २२**

शिशुको छालामा दैनिकरूपमा मोइस्चराइजर (मालिस) प्रयोग गर्नुले उनीहरूमा एक्जिमा विकास हुने जोखिम घटाउन सक्ने एक नयाँ अध्ययनले देखाएको छ। तर, यसको प्रभाव उनीहरूको वंशाणुगत कुरामा निर्भर हुन सक्छ।

एक्जिमा, जसलाई एटोपिक डर्माटाइटिस पनि भनिन्छ, एक प्रकारको छाला सुन्निने समस्या हो जसमा छाला सुख्खा हुने, सिचलाउने, फोका आउने वा रगत बग्नेजस्ता लक्षण देखा पर्न सक्छन्। प्रायः यो सानो उमेरदेखि सुरु हुन्छ र उमेर बढेसँगै लक्षण कम हुँदै जान्छन्।



यस विषयमा अनुसन्धान गर्ने युकेको नटिंघम विश्वविद्यालयका ह्युवेल विलियम्स र उनका सहकर्मीहरूले अमेरिकामा १२ सयभन्दा बढी अभिभावकहरूलाई समावेश गरी अध्ययन गरे। सहभागी सबै शिशुहरूमा प्रारम्भिक रूपमा एक्जिमाको लक्षण देखिएको थिएन, तर तिनीहरूमध्ये आधाका नजिकका परिवारमा कसै न कसैमा एक्जिमा थियो।

अनुसन्धानकर्ताहरूले अभिभावकहरूलाई दुई समूहमा विभाजन गरे। पहिलो समूहका अभिभावकहरूलाई पाँच प्रकारका बिना-प्रेस्क्रिप्सन मोइस्चराइजरमध्ये जुनसुकै प्रयोग गरेर शिशुको सम्पूर्ण शरीरमा दैनिक रूपमा लगाउन भनिएको थियो। चाहिएमा मोइस्चराइजर परिवर्तन गर्न पनि अनुमति दिइएको थियो।

दोस्रो समूहका अभिभावकहरूलाई आवश्यक परेको अवस्थामा मात्र मोइस्चराइजर प्रयोग गर्न भनिएको थियो। तथापि, यस समूहका आधाभन्दा बढी अभिभावकले हप्तामा एकपटकजति प्रयोग गरेको बताएका छन्।

दुई वर्षपछि अध्ययनकर्ताहरूले पत्ता लगाए कि मोइस्चराइजर प्रयोग नगर्ने समूहका ४३ प्रतिशत शिशुहरूमा एक्जिमा देखा परेको थियो, भने प्रयोग गर्ने समूहमा यो संख्या घटेर ३६ प्रतिशतमा सीमित भएको थियो।

'यो घटेको संख्या महत्त्वपूर्ण हो,' युकेको शेफिल्ड विश्वविद्यालयका माइकल कोर्कले बताए।

तर, अध्ययनले थप देखायो कि मोइस्चराइजरको सुरक्षात्मक प्रभाव ती शिशुहरूमा मात्र देखियो जसका नजिकका परिवारमा एक्जिमा थिएन।

शोधकर्ताहरूका अनुसार मोइस्चराइजरले छालाका कोषहरूबीचको खाली स्थान भरिदिन्छ, जसले बाह्य तत्वहरूलाई छालामा प्रवेश गर्नबाट रोक्छ र सुन्निने अवस्थालाई घटाउँछ। तर एक्जिमाको जोखिम उच्च वंशाणुगत भएका व्यक्तिहरूमा शरीरभित्र पहिलेदेखि नै सुन्निने संभावना उच्च हुनसक्छ, जसलाई मोइस्चराइजरले नियन्त्रण गर्न सक्दैन।

# थाइल्याण्ड-कम्बोडिया शान्ति सम्झौता विस्तार गर्न सहमत



एजेन्सी, साउन २२ - थाइल्याण्ड र कम्बोडिया अस्थायी युद्धविराम सम्झौतालाई लम्ब्याउन बिहीबार सहमत भएका छन्।

सीमावर्ती मन्दिरलाई लिएर लामो समयदेखि चलेको विवाद हिंसामा परिणत भएयता पाँच दिनसम्म चलेको युद्धमा कम्तीमा ४३ जनाको मृत्यु भएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ मध्यस्थतापछि आसियान अध्यक्ष मलेसियाली प्रधानमन्त्री अनवर इब्राहिमले युद्धविरामको मध्यस्थता गरेका थिए। सम्झौतामा अस्थायी युद्धविरामको लागि सहमति भएको थियो। प्रतिद्वन्द्वी क्षेत्रीय कमान्डरहरूको तीन दिनको वार्ता र छलफलपछि बैठकमा दुबै देशका रक्षा अधिकारीहरूले बिहीबार एक संयुक्त वक्तव्यमा हस्ताक्षर गरे।

हस्ताक्षरपछिको विज्ञप्तिमा भनिएको छ, 'दुवै पक्ष सबै प्रकारका हतियारसहित युद्धविराम गर्न सहमत भएका छन्, जसमा नागरिक र गैर-सैनिक वस्तुमाथि आक्रमण नगर्ने सबै अवस्थामा र क्षेत्रमा दुवै पक्षको सैन्य उद्देश्य रहने छ।' अगाडि भनिएको छ, 'यो सम्झौता कुनै पनि हालतमा उल्लंघन हुनुहुँदैन।'

थाइल्याण्ड र कम्बोडिया दुवैले युद्धविरामको पहिलो दिनमा एकअर्कालाई सम्झौता उल्लङ्घन गरेको आरोप लगाएका थिए। थाइल्याण्डका उपरक्षामन्त्री नाट्टाफोन नार्कफानित र कम्बोडियाका रक्षामन्त्री टि सेइहाद्वारा हस्ताक्षरित संयुक्त वक्तव्यमा सीमामा सैनिकको आवागमन र गस्तीमा रोक लगाउने सहमति भएको उल्लेख छ। 'हामी रक्तपात रोक्न विस्तृत युद्धविरामको व्यवस्थाका लागि यहाँ छौं र दुवै पक्षका सैनिक र सर्वसाधारणले भोग्नुपरेको पीडालाई रोक्न चाहन्छौं,' पत्रकार सम्मेलनमा टि सेइहाले भने।

उनले भने, 'यी कदमहरू जीवन रक्षाका उपायहरू हुन् जसले हाम्रा दुई देशबीच विश्वास, भरोसा र सामान्य स्थिति बहालीका लागि आधार तयार पार्ने छन्।'

एक महिनाभित्र अर्को बैठक बस्ने र दुवै पक्ष तनाव कम गर्न गलत सूचना (फेक न्यूज) सम्प्रेषण नगर्न पनि सहमत भएको बताइएको छ। 'आजको हाम्रो छलफलले ठोस परिणाम हासिल गर्न दुवै पक्षले सहयोग र इमान्दारिता देखाउनु आवश्यक छ,' थाई उपरक्षामन्त्री नाथाफोनले बताए।

# भासिँदैछ संसारभरको जमिन



टर्कीको कोन्यामा जमिन भासिएर खाल्डा बन्नेक्रम जारी छ। हाल कोन्याको मैदानमा विभिन्न आकारका तीन सयभन्दा बढी खाल्डाखुल्डीहरू छन्। *- एजेन्सी*

ब्राजिलको एमेजन क्षेत्रको उत्तर-पूर्वी किनारमा रहेको एक स्थानमा एक्कासि जमिन भासिन थालेको छ। यसका कारण त्यहाँ विशाल खाल्डा (सिंकहोल)हरू बनेका छन्। ती खाल्डाको छेउमा रहेका धेरै घर जोखिममा परेका छन्। एक हजारभन्दा बढी मानिसहरू घरबारविहीन हुने डरले त्रसित छन्, सरकारले आपतकाल नै घोषित गर्नुपरेको छ।

**ब्राजिलको पानी संकट**

खाल्डो पर्ने क्रम पहिलो होइन। अमेरिकादेखि टर्की र इरानसम्म, विश्वभर यस्ता सिंकहोल देखिएका छन्। यी अचानक बन्छन्। तिनले मानिसको जीवन र सम्पत्तिलाई नै जोखिममा पारिदिन्छन्।

**के हुन् सिंकहोल ?**

जमिनमा एक्कासि भासिएर बनिरहेका खाल्डाहरूलाई सिंकहोल भनिन्छ। जब पानीले माटो बगाएर तलका चट्टानहरू घोल्न थाल्छ त्यसपछि सिंकहोल बन्छ। वर्षाको पानीले माटो हुँदै तलका चट्टानहरू पगाल्दा खाली ठाउँ बन्छ। प्राकृतिक रूपमा जमीनभित्र बनेको खाली ठाउँ पुरिन सतहको जमिन भासिन्छ र खाल्डाहरू बन्छन् ती खाल्डा नै सिंकहोल हुन्।

यी सिंकहोल मानवीय गतिविधिका कारण पनि बन्न सक्छन्। खासगरी जमिन मुनिको पाइपबाट पानी चुहिँदा, तेल वा ग्यास निकाल्न ड्रिलिङ गर्दा वा खानी खन्दा र खानीजन्य कामहरू गर्दा।

**'वेटल्यान्ड्स': जलवायुका नायक**

बेलायतको रिडिङ विश्वविद्यालयमा वातावरण विज्ञानका प्राध्यापक होङ याङका अनुसार, सिंकहोल त्यस्ता ठाउँहरूमा बढी देखिन्छन् जहाँ 'कार्स्ट भूभाग' (चूना पत्थर, नूनको तह, वा जिप्समजस्ता घुलनशील चट्टानहरू हुने जमिन) पाइन्छ।



जब जमिन मुनिको पानीले यस्ता चट्टान पगाल्न थाल्छ, जमिन बिस्तारै खोक्रो बन्छ र अन्ततः भासिन्छ। याङले हालै जलवायु परिवर्तनका कारण बढेका सिंकहोलका जोखिमहरूबारे एक अध्ययन प्रकाशित गरेका छन्।

उनले भने, 'अमेरिकाको करीव २० प्रतिशत भू-भाग सिंकहोलका लागि संवेदनशील छ। फ्लोरिडा, टेक्सास, अलाबामा, मिसौरी, केन्टकी, टेनेसी र पेन्सिल्भेनिया सबैभन्दा बढी सिंकहोल प्रभावित क्षेत्र हुन्।' अन्य संवेदनशील क्षेत्रमा बेलायतको उत्तरी इङ्ल्याण्डका रिपन र योर्कशायर डेल्स, इटालीको लाजियो क्षेत्र, मेक्सिकोको युकाटन प्रायद्वीप, चीन, इरान र टर्कीका केही भागहरू पर्दछन्।

अनुसन्धान अनुसार, जलवायु परिवर्तनका कारण अप्रत्यासित र असामान्य मौसमका घटनाहरू तीव्र र नियमित भइरहेका छन्, जसले सिंकहोल बन्ने सम्भावना बढाएको छ।

**टर्की होस् या बेलायत, अमेरिका होस् या इटाली, मेक्सिको होस् या चीन वा इरान सर्वत्र जमिन भासिँदैछ। अप्रत्यासित रूपमा सर्वत्र जमिन दुलो पर्दै जाँदा सर्वसाधारण आतंकित।**

**सिंकहोल बन्न रोक्न सकिन्छ ?**

याङका अनुसार, सिंकहोल बन्नुअघि त्यसको पूर्वसंकेत थाहा पाउन उपग्रह रिमोट सेन्सिङ र ग्राउन्ड-पेनेट्रेटिङ रेडारजस्ता प्रविधिको प्रयोग गरिन्छ। यी प्रविधिबाट जमिनमुनि भइरहेका सूक्ष्म भास र खाली ठाउँहरूको जानकारी पाइन्छ। अन्य उपायमा भवन निर्माणअघि भू-जलको निगरानी र भू-प्राविधिक परीक्षण गरिन्छ, जसले खतरा आकलन गर्न मद्दत गर्छ। मार्सेलोस भन्छन्, 'जमिन मुनि यदि खाली ठाउँ भेटियो भने हामी दाँतको डाक्टरझैं काम गर्छौं। त्यसलाई फेला पारेर सिमेन्ट जस्ता पदार्थले भर्छौं।'

याङका अनुसार, सिंकहोलबाट जोगिन अन्य केही उपायहरूमा पानी निकास व्यवस्थापन, पाइपबाट हुने चुहावट मर्मत, र निर्माणसँग सम्बधित कडा नियमहरू हुन सक्छन्। उनले भने, 'इन्जिनियरिङ प्रविधिले जमिनलाई स्थिर राख्न सक्छ। खाली ठाउँहरूलाई सिमेन्ट जस्ता सामग्रीले भर्ने, कमजोर माटोलाई दबाएर बलियो बनाउने वा जियोग्रिड प्रविधिबाट सहारा दिने जमिनलाई थेग्ने व्यवस्था मिलाउन सकिन्छ।'

*डीडब्ल्यूको सहयोगमा*

## तालिका बनाएर बजेट कार्यान्वयन गर्न निर्देशन

काठमाडौं (संवाददाता)- अर्थमन्त्री विष्णुप्रसाद पौडेलले समय-तालिका बनाएर बजेट कार्यान्वयन गर्न सचिवहरूलाई निर्देशन दिएका छन्। अर्थमन्त्रालयमा बिहीबार सचिवहरूसँग भएको बैठकमा वार्षिक योजना र समय-तालिका बनाएर बजेट कार्यान्वयन गर्न निर्देशन दिएका हुन्।

अर्थमन्त्री पौडेलले बजेट कार्यान्वयनका लागि अर्थ मन्त्रालयले सक्दो सहयोग गर्ने उल्लेख गर्दै सही समयमा कदम चालेर बजेट कार्यावन्यनमा परिणाम निकाल्न निर्देशन दिएका हुन्।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Edhi store
www.edhistore.com.np

### मर्स्याङ्दी करिडोर प्रसारण लाइन

# मार्कीचोक–भरतपुर खण्ड ३ महिनामा बन्ने

**धना ढकाल**
**काठमाडौं, साउन २२**

मर्स्याङ्दी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन आयोजना अन्तर्गतको मार्कीचोक-न्यू भरतपुर खण्ड अबको तीन महिनामा सञ्चालनमा आउने भएको छ। तनहुँको मार्कीचोक सबस्टेसनदेखि चितवनको न्यू भरतपुर सबस्टेसन खण्डको निर्माण पुरा भई कात्तिक पहिलो सातासम्म सञ्चालनमा ल्याउन लागिएको हो।



नेपाल विद्युत् प्राधिकरणले मर्स्याङ्दी करिडोर अन्तर्गत उदिपुर-मार्कीचोक-न्यू बुटवल प्रसारण लाइनलाई एउटा खण्डमा निर्माण गरिरहेको भए पनि अहिले उदिपुरसम्मको खण्डलाई अलग्याएर २२० केभी त्रिशूली-काठमाडौं प्रसारण लाइनसँग सिन्क्रोनाइज गर्ने गरी मार्कीचोक-न्यू भरतपुर खण्डको निर्माणलाई तीव्रता दिएको हो।

कुनै प्रकारको अवरोध तथा व्यावधान नआए ३ महिनाभित्रै प्रसारण लाइनको यो खण्ड सञ्चालनमा ल्याउने गरी निर्माण तीव्र पारेको आयोजना प्रमुख नारायण रेग्मीले बताए। उनका अनुसार काठमाडौं आइपुगेको विद्युत अन्य ठूला सहरमा पठाउन उच्च क्षमताको प्रसारण लाइनको विकल्प नभएका कारण त्रिशूली-काठमाडौं प्रसारण लाइनसँग सिन्क्रोनाइज गर्ने गरी अहिले मार्कीचोक-न्यू भरतपुर खण्डको निर्माणलाई प्राथमिकतामा राखेर काममा तीव्रता दिइएको हो।

'राष्ट्रिय प्रसारण प्रणालीमा प्रसारण लाइनको मार्किचोक-न्यू भरतपुर खण्डले ठूलो अर्थ राख्दछ,' उनले भने, 'त्यही भएर मार्कीचोकदेखि उदिपुर खण्डलाई भन्दा न्यू भरतपुरसम्मको खण्डलाई प्राथमिकतामा राखेर चाँडो भन्दा चाँडो सम्पन्न गर्ने गरी काम गरिरहेका छौं।'

उनले मार्कीचोक-न्यू भरतपुर खण्ड निर्माण सम्पन्न हुँदा निजी लगानीका धेरै आयोजनाको विद्युत् खेर जानबाट रोक्न सहयोग पुग्ने बताए। यो खण्डलाई त्रिशूली-काठमाडौं प्रसारण लाइनसँग सिन्क्रोनाइज गर्दा दोर्दी करिडोरको विद्युत प्रवाह भइरहेको प्रसारण लाइनलाई पनि कम भार उर्ने उनको दाबी छ।

प्रसारण लाइनको २८ किलोमिटर लामो यो खण्डमा ८३ वटा टावरहरू निर्माण हुँदैछन्। अहिलेसम्म ८० वटा टावर ठड्याउने काम सम्पन्न भइसकेको उनले जानकारी दिए।

स्थानीय अवरोध हटेपछि अहिले यो खण्डको प्रसारण लाइन निर्माणले गति लिएको रेग्मीले बताए। आयोजनाको निर्माण सुरु हुँदा प्रसारण लाइनको यो खण्डको रुटमा तनहुँको ढकालटार र आसपासको रुटमा स्थानीय अवरोध थियो। अहिले यहाँको स्थानीय समस्या समाधान भइसकेको छ। अब ढकालटार र आसपासमा ३ वटा टावरको जग हाल्ने र संरचना खडा गर्ने काम मात्रै बाँकी छ।

टावर निर्माण सम्पन्न भइसकेको रुटमा तार तान्ने काम भइरहेको पनि उनले जानकारी दिए। अहिले ५ किलोमिटर बढी तार तान्ने काम सम्पन्न भइसकेको छ। २३ किलोमिटर तार तान्न बाँकी छ। यस्तै, प्रसारण लाइनको मार्कीचोकदेखि उदिपुरसम्मको ६८ किलोमिटर खण्डमा पनि अहिले काम भइरहेको छ। यो खण्डमा पनि पहिले गोरखाको पालुङटारमा स्थानीय अवरोधले काम प्रभावित हुन पुगेको थियो। अहिले सबै स्थानीय समस्या समाधान भई विना अवरोध काम भइरहेको रेग्मीले बताए। 'यो खण्डमा पनि अहिले नियमित काम भइसकेको छ। मार्कीचोक-न्यू भरतपुर खण्ड पूरा भइसकेपछि यताको जनशक्ति पनि मार्कीचोकदेखि उदिपुरसम्मको खण्डमा परिचालन गरेर निर्माणलाई गति दिने योजना छ,' उनले भने।

११५ वटा टावर निर्माण हुने यो खण्डमा अब १२ वटा टावरको संरचना बनाउन बाँकी छ। यो खण्डमा तार तान्ने काम भने सुरु भइनसकेको रेग्मीले बताए। उनले मार्कीचोक-न्यू भरतपुर खण्ड सञ्चालनमा आएको ४ महिनापछि नै यो खण्ड पनि सञ्चालनमा ल्याउने दाबी गरे। उदिपुर-मार्कीचोक-न्यू भरतपुर प्रसारण लाइन अन्तर्गतका सबस्टेसनहरू निर्माण सम्पन्न भइसकेका छन्। उदिपुरको सबस्टेसन १३२ केभीमा र न्यू भरतपुर सबस्टेसन २२० केभीमा सञ्चालन समेत भइसकेका छन्।

**उदिपुर–खुदी–धारापानी खण्ड पनि निर्माणाधीन**

मर्स्याङ्दी करिडोर अन्तर्गत नै प्रसारण लाइनको थप २ वटा खण्ड पनि निर्माण भइरहेका छन्। उदिपुरदेखि खुदीसम्म १६ किलोमिटरको एउटा खण्ड र खुदीदेखि-मनाङको धारापानी सबस्टेसनसम्म ३० किलोमिटरको अर्को खण्ड निर्माणाधीन छन्।

उदिपुर-खुदी खण्डमा पर्ने ४६ वटा टावर मध्ये २० वटाको जग बनाउने काम सम्पन्न भइसकेको रेग्मीले जानकारी दिए। अब २६ वटा टावरको जग खन्न बाँकी छ। यो खण्डमा पनि टावर खडा गरिसकेपछि तार तान्न सुरु गरिने प्राधिकरणले जनाएको छ।

यस्तै, प्रसारण लाइनको खुदी-धारापानी खण्डको निर्माण भने सुस्त गतिमा भइरहेको छ। प्राधिरकणका अनुसार यो खण्डमा स्थानीय अवरोधका कारण निर्माणले गति लिन सकेको छैन।

'प्रसारण लाइनको उपल्लो खण्ड भौगोलिकरूपमा विकट स्थानमा पर्छ। बर्खामा प्रसारण लाइनमा जडान हुने उपकरण ढुवानी गर्न समस्या आउँदा कामलाई गति दिन सकिएको छैन। फेरि, बेला-बेलामा आउने स्थानीय समूहका अवरोधले पनि काम प्रभावित भइरहेको छ,' उनले भने। यो खण्डको निर्माण अहिले सुस्त भए पनि यस क्षेत्रमा निर्माणाधीन आयोजना सम्पन्न हुँने बेलासम्ममा प्रसारण लाइन पनि तयार गरिसक्ने उनको दाबी छ।

मर्स्याङ्दी करिडोर प्रसारण लाइनका सबै खण्ड निर्माण सम्पन्न हुँदा १६ सय मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ। यो करिडोरमा प्रवाह हुने गरी करिब १३ सय मेगावाटका जलविद्युत आयोजनाको प्रसारण सम्झौता (ग्रिड कनेक्सन एग्रिमेन्ट) नै सम्पन्न भइसकेको छ।

## डिश होमको भर्चुअल प्रिभिलेज कार्ड

काठमाडौं (संवाददाता)- डिशहोमले नेपालमा पहिलोपटक भर्च'अल प्रिभिलेज कार्ड सार्वजनिक गरेको छ। यो कार्डको माध्यमबाट सक्रिय ग्राहकहरूलाई विभिन्न होटल, रेस्टुरेन्ट, यात्रा तथा लाइफस्टाइल ब्रान्डहरूमा विशेष छुटको सुविधा हुनेछ।



'माइ डिश होम एप' मार्फत प्राप्त हुने यो भर्च'अल कार्ड प्रयोग गरेर ग्राहकहरूले देशभरका प्रमुख साझेदार आउटलेटहरूमा २५ प्रतिशतसम्म छुट पाउनेछन्। सुरुवाती चरणमा १० उत्कृष्ट ब्रान्डका ३५ वटा आउटलेटहरू डिशहोम प्रिभिलेज कार्ड नेटवर्कमा समावेश रहेको डिश होमले जनाएको छ।

डिश होमले बर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकेन, सिद्धार्थ हस्पिटालिटी ग्रुप अन्तर्गतका होटल तथा रेस्टुरेन्टहरू, होटल ले हिमालय (काठमाडौं), लेक साइड रिट्रिट (पोखरा), इला कम्फर्ट होटल्स, मेलुङ ठकाली, साकी एण्ड फेङ रेस्टुरेन्ट, लुम्बिनी केबलकार, मौलाकाली केबलकार र अचार घर काठमाडौं यो नेटवर्कमा जोडिएका छन्।

डिश होमका सीईओ तारा मानन्धरले भर्च'अल प्रिभिलेज कार्डमार्फत इन्टरनेट र टिभी सेवाभन्दा बाहिर गएर ग्राहकहरूको जीवनशैलीमा थप मूल्य दिन खोजेको बताए।

## काठमाडौंमा 'स्टडी इन इन्डिया एक्स्पो'

काठमाडौं (संवाददाता) - काठमाडौंमा 'स्टडी इन इन्डिया एक्सपो' आयोजना हुने भएको छ। अफेयर्स नेपाल प्रालिले द एभरेष्ट होटलमा शुक्रबार र शनिबार आयोजना गर्ने एक्सपोमा भारतका प्रमुख विश्वविद्यालय र कलेजहरूको उपस्थिति हुनेछ।

एक्सपोमा विज्ञान, व्यवस्थापन र मानविकी संकायका विद्यार्थीहरू स्नातक, स्नातकोत्तर तथा व्यावसायिक पाठ्यक्रम समेटिने अफेयर्स नेपालका संस्थापक कुमार थपलियाले बताए।

दुई दिनसम्म चल्ने एक्सपोमा विद्यार्थीहरूले विश्वविद्यालयका प्रतिनिधिसँग भेटघाट गर्ने अवसर पाउने छन्। विद्यार्थीहरूले पाठ्यक्रम छनोट, भर्ना, शुल्क, छात्रवृत्ति, छात्रावास, पूर्वाधार र अन्य सुविधाहरूबारे जानकारी लिन पाउने छन्।

थपलियाका अनुसार इन्जिनियरिङ, पेरामेडिकल, नर्सिङ, डेन्टल, आइटी, एआई र एमएल, डिजाइन, व्यवस्थापन, होटेल म्यानेजमेन्ट, पत्रकारिता, आर्किटेक्चर लगायतका विषयमा छात्रवृत्ति उपलब्ध हुनेछ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

surya energy

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Betrawati Hydroelectric Company (BHEC)
Hydropower / Alternate Energy

# ताल संरक्षणमा अघि आयो लक्ष्मी ग्रुप

सुमन ढुंगाना/राजु गिरी
कास्की, साउन २२

पोखराका तालहरू जोगाउनु र सरसफाइ गर्न' साझा चुनौतीको विषय बनेको छ। यिनै समस्याका बाबजुद पोखराका तालहरूको संरक्षण र सरसफाइका लागि पोखरा महानगरपालिका र व्यवसायीक घराना लक्ष्मी ग्रुप बीच समझदारी भएको छ। समझदारी अनुसार अबको पाँच वर्ष लक्ष्मी ग्रुपले आफ्नै लगानीमा सिर्जना तालको सरसफाइ र रोजगारी सिर्जना गर्नेछ।

बर्खायाममा माथिबाट आउने लेदो, जलकुम्भी झारलगायतका समस्याका कारण पोखराका तालहरूको पानी प्रदूषित बन्ने गरेको छ। विभिन्न संघ संस्था र पोखेलीहरूको सक्रियताका कारण कहिलेकाहीं पोखराका तालहरूको सरसफाइ हुने गरेको छ। तर, दीर्घकालीन रूपमा समस्याको समाधान नखोजिदा पोखराका फेवा, बेगनास र रूपालगायतका तालहरू संकटमा पर्दै गएका छन्। यही अवस्थालाई मध्यनजर गर्दै तालहरूको दिगो संरक्षण, पर्यावरणीय सन्तुलन, स्थानीय समुदायको आर्थिक सशक्तीकरणका लागि सिपमूलक तालिम र रोजगारीको अवसर सिर्जना गर्न नेपालकै अग्रणी व्यवसायीक समूह लक्ष्मी ग्रुपले पोखराका सबै तालहरूमा सरसफाई तथा रोजगारी सिर्जना कार्यक्रम सञ्चालन गर्ने भएको हो।

बिहीबार पोखरा महानगरपालिका र लक्ष्मी ग्रुपबीच ताल क्षेत्रको सरसफाई र रोजगारी सिर्जना गर्ने सम्बन्धमा सम्झौता भएको छ। समझदारी पत्रमा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य र लक्ष्मी ग्रुपका अध्यक्ष गणेशबहादुर श्रेष्ठले हस्ताक्षर गरेका छन्। यो परियोजनाका लागि नीतिगत सहजता र कानुनी अड्चन फुकाउने विषयमा महानगरपालिकाले काम गर्नेछ भने परियोजना सञ्चालनका लागि चाहिने जनशक्ति, प्रविधि लगायतका सबै क्षेत्रमा लक्ष्मी ग्रुपले



लगानी गर्नेछ।

परियोजना अन्तर्गत महानगरभित्र रहेका सबै तालहरूको सरसफाई, जलकुम्भी लगायतका झारहरूको व्यवस्थापन तथा जलकुम्भीबाट हस्तकला उत्पादन गर्ने र सिप विकास गर्ने, गण्डकी बहुप्राविधिक शिक्षालयका विद्यार्थीका लागि इन्टर्नसिप र प्रशिक्षण तथा विपन्न घरपरिवारका लागि इन्डक्सन चुलो वितरण गर्ने गरी परियोजना अगाडी सारिएको लक्ष्मी ग्रुपका अध्यक्ष गणेशबहादुर श्रेष्ठले जानकारी दिए।

तालहरूको सरसफाइ र संरक्षणका लागि लक्ष्मी ग्रुपले नेपालमा अहिलेसम्म प्रयोग नभएका तर युरोपियन मुलुकहरूमा सफल परीक्षण भएका अत्याधुनिक प्रविधि भित्र्याउने, जलकुम्बी प्रशोधनका लागि आवश्यक वित्तीय स्रोत, उपकरण, विज्ञ परामर्शदाता र जनशक्तिको उत्पादन गरी हस्तकलाका सामानहरू निर्माण गर्नेछ। परियोजनाको सम्झौता भएसँगै पहिलो चरणमा छ महिना परीक्षणकाल सहित पाँच वर्ष सञ्चालन हुनेछ। ताल सरसफाइको पाइलट प्रोजेक्टका रूपमा पोखरा महानगरपालिका वडा नम्बर २६ मा रहेका खास्टे र निउरेनी ताललाई अगाडि सारिएको छ। लक्ष्मी ग्रुपले परियोजना अगाडि बढाए पनि यसको अनुगमन र मूल्यांकन भने महानगरपालिका आफैले गर्ने मेयर धनराज आचार्यले बताएका छन्।


सार्वजनिक उत्तरदायित्व र समाजसेवा अन्तर्गत लक्ष्मी ग्रुपले सुरु गरेको यो परियोजनाले पोखराका तालहरूको दिगो संरक्षण र विकासमा महत्त्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ।

यस्तै वायु प्रदूषण रोक्नका लागि प्रथम चरण अन्तर्गत दाउरा विस्थापन गरी एक हजार परिवारमा विद्युतीय चुलो र भाँडाकुँडा वितरण गर्ने योजना पनि रहेको छ। जुन योजनाले महानगरपालिकाले लिएको पञ्चवर्षीय नगर ऊर्जा योजनालाई महत्वपूर्ण सहयोग पुग्नेछ।

यो परियोजना पोखरा महानगरपालिका भित्र व्यावसायिक घरनाले गरेको सबैभन्दा ठूलो सामाजिक उत्तरदायित्व भित्रको कार्य हो। परियोजना सम्पन्न हुँदासम्म कति बजेट खर्च हुन्छ यो विषय भने खुलाइएको छैन।

# शेयरबजार १८.३० अंक बढ्यो

news24
काठमाडौं, साउन २२



साताको अन्तिम कारोबार दिन बिहीबार शेयरबजार हरियो बनेर बन्द भएको छ। कारोबार मापक नेप्से परिसूचक १८.३० अंकले बढेर २८५०.३७ विन्दुमा पुगेको छ। आठ अर्ब ५३ करोड ७५ लाख रुपैयाँ बराबरको दुई करोड ५४ लाख तीन हजार ५४० कित्ता शेयर किनबेच भएको छ।

कारोबार भएका २४९ कम्पनीमध्ये १८७ वटाको शेयरमूल्य बढेको छ। बाँकी ६२ वटाको घटेको छ। राष्ट्र बैंकले लचिलो मौद्रिक नीति कार्यान्वयन गरेपछि छोटो समयमा शेयरबजार साढे दुई सय अंक बढीले बढेको थियो। सो वृद्धिमा कमाउनेहरूले नाफा सुरक्षित गर्न शेयर बिक्री बढाउँदा बजार दबाबमा परेको थियो। तर बिहीबारको वृद्धिले लगानीकर्तालाई केही भए पनि राहत मिलेको छ।

अहिले ब्याजदर सस्तो छ, अर्थतन्त्रका अधिकांश सूचकहरू सकारात्मक छन्, बैंकिङ प्रणालीमा प्रसस्त पैसा छ। अर्थतन्त्र ठिकठाक तरिकाले चलिरहेको बेला पनि कर्जाको माग बढ्न सकेको छैन। घरजग्गा कारोबार अझै चलायमान हुन सकेको छैन। यसले गर्दा कर्जा प्रवाह न्यून भएको बैंकर बताउँछन्। लगानीका अन्य क्षेत्र सुस्त भएको अवस्था र ब्याजदर सस्तो हुँदा शेयरबजारमा चहलपहल बढ्न सक्छ। केन्द्रीय बैंकले शेयर धितो कर्जामा सीमा बढाएपछि बजार केही बढेको देखिन्छ। तर छोटो समयमा नाफा कमाउनेहरूले शेयर बेच्ने प्रवृति देखिँदा बजार अझै पनि दबाबमा रहेको विश्लेषकहरू बताउँछन्।

बिहीबार लगानीकर्ताको आकर्षण सबैभन्दा धेरै फाइनान्स कम्पनीहरूमा देखियो। त्यसैले फाइनान्स समूहको सूचक सर्वाधिक १.३८ प्रतिशत बढेको छ। त्यसपछि उत्पादन तथा प्रशोधन समूह १.१२ प्रतिशत, अन्य समूह १.०३, ब्यापार समूह ०.९९, जीवन बीमा ०.७६, जलविद्युत ०.६० प्रतिशत बढेको छ। यसैगरी, होटल तथा पर्यटन ०.६०, बैंकिङ ०.४३, विकास बैंक ०.४२, लघुवित्त ०.३६, म्युच्युअल फण्ड ०.३२ र लगानी ०.३० प्रतिशत बढेको छ।

सिक्लेस हाइड्रोपावरको शेयरमूल्य सबैभन्दा धेरै ९.८१ प्रतिशत बढेको छ। त्यसपछि बरुण हाइड्रोपावरको ९.७८ प्रतिशत, मकर जितुमाया सुरी हाइड्रोपावर ७.५६ प्रतिशत, रिलायबल समृद्धि योजना ६.४९ प्रतिशत र खानिखोला हाइड्रोपावर ६.१९ प्रतिशत बढेको छ।

सबैभन्दा धेरै उन्नती सहकार्य लघुवित्त वित्तीय संस्थाको शेयरमूल्य ८.२६ प्रतिशत घटेको छ। त्यसपछि समाज लघुवित्त ५.४२, सान्भी इनर्जी २.७१ र मैलुङ खोला जलविद्युत कम्पनी २.६९ प्रतिशत घटेको छ।

लिवर्टी इनर्जी कम्पनीको शेयरकारोबार सर्वाधिक ३९ करोड १ लाख २८ हजार रुपैयाँ बराबरको भएको छ। त्यसपछि शिवम् सिमेन्टको ३६ करोड ९३ लाख रुपैयाँ, हिमालयन रिइन्स्योरेन्स २३ करोड २८ लाख रुपैयाँ, नेपाल रिइन्स्योरेन्स कम्पनीको २२ करोड ८७ लाख रुपैयाँ र युनाइटेड मोदी हाइड्रोपावरको २० करोड ९२ लाख रुपैयाँको शेयर कारोबार भएको छ।

लगानीकर्ताको सम्पत्ति बिहीबार मात्रै ३० अर्ब रुपैयाँ बढेको छ। बजार पुँजीकरण ४७ खर्ब ५७ अर्ब रुपैयाँ कायम भएको छ। साधारण शेयर तर्फको बजार पुँजीकरण ८ अर्ब रुपैयाँ बढेर १६ खर्ब १४ अर्ब रुपैयाँ पुगेको छ।

| प्रमुख विवरण | |
|---|---|
| नेप्से सूचक | २,८५०.३७ |
| कारोबार रकम (रू) | ८,५३७,५८१,२५४.९६ |
| कारोबार भएको शेयर संख्या | २५,४०३,५४० |
| कारोबार भएका कम्पनी | २४९ |
| बजार पुँजीकरण | ४,७५७,७६०,६५०,१५६.७४ |

समूहगत सूचक

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४८४.३९ | ०.४३ |
| विकास बैंक | ६,०११.९१ | ०.४२ |
| फाइनान्स | २,५८६.४५ | १.३८ |
| होटल तथा पर्यटन | ६,९६४.२४ | ०.६० |
| जलविद्युत् | ३,७२०.०७ | ०.७५ |
| लगानी | ११४.२३ | ०.३० |
| जीवन बीमा | १३,४०२.६८ | ०.७६ |
| उत्पादन तथा प्रशोधन | ७,७३७.४१ | १.१२ |
| लघुवित्त | ५,४६३.०४ | ०.३६ |
| म्युच्युअल फण्ड | २०.५४ | ०.३२ |
| निर्जीवन बिमा | १२,७४९ | ०.४२ |
| व्यापार | ४,२९७.१७ | ०.९९ |
| अन्य | २,६२१.३० | १.०३ |

सर्वाधिक मूल्य घटेका पाँच कम्पनी

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लि. | २,४३२.०२ | २१८.८७ | -८.२६ |
| समाज लघुवित्त वित्तीय संस्था लि. | २,८०५.५३ | -१६०.७१ | -५.४२ |
| सान्भी इनर्जी लि. | ७७३.१४ | -२१.५१ | -२.७१ |
| मैलुङखोला जलविद्युत क.लि. | ५८०.९७ | -१६.०९ | -२.६९ |
| स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. | १,८९६.९८ | -४२.२० | -२.१८ |

सर्वाधिक मूल्य बढेका पाँच कम्पनी

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| सिक्लेस हाइड्रोपावर लि. | १,१७५.४१ | १०४.९७ | ९.८१ |
| बरुण हाइड्रोपावर क.लि. | ३९१.४१ | ३४.८७ | ९.७८ |
| मकर जितुमाया सुरी हाइड्रोपावर लि. | ६४९.७२ | ४५.६९ | ७.५६ |
| खानिखोला हाइड्रोपावर लि. | २७९.४४ | १६.२८ | ६.१९ |
| लिबर्टी इनर्जी कम्पनी लि. | ६९२.२२ | २९.३५ | ४.४३ |

सर्वाधिक कारोबार भएका पाँच कम्पनी

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| लिवर्टी इनर्जी क. लि. | ३९०,१२८,८०४.७० | २५३.९० |
| शिवम् सिमेन्ट लि. | ३६९,३८३,६१७.१० | ६४४.५० |
| हिमालयन रिइन्स्योरेन्स लि. | २३२,८७१,९२१.२० | १,०१३.९० |
| नेपाल रिइन्स्योरेन्स क.लि. | २२८,७४८,५१५.०० | १,५१८.९० |
| युनाइटेड मोदी हाइड्रोपावर लि. | २०९,२४५,५३४.४० | ५८६.०० |

# कुजु नेपालले ल्यायो याडिया भेलाक्स




काठमाडौं (संवाददाता) - दुईपांग्रे इलेक्ट्रिक सवारी ब्रान्ड याडियाको आधिकारिक नेपाली वितरक कुजु नेपाल प्रालिले याडिया भेलाक्स सिरिज स्कुटरहरू औपचारिक रूपमा नेपाली बजारमा भित्र्याएको छ। काठमाडौंमा जारी नाइमा नेपाल मोबिलिटी एक्स्पोमा आयोजित विशेष कार्यक्रममा कम्पनीले तीन नयाँ मोडेलहरू सार्वजनिक गर्दै नेपाली बजारमा आफ्नो उपस्थिति घोषणा गरेको हो।

भेलाक्स सेरिजअन्तर्गत ई स्कुटरले प्रयोगकर्ताको आवश्यकता पूरा गर्ने उद्देश्य राखिएको छ। भेलाक्स यू, भेलाक्स फास्ट चार्जिङ र भेलाक्स एच नामका स्कुटरहरू उच्च प्रदर्शन, छिटो चार्जिङ र दैनिक प्रयोगमा केन्द्रित डिजाइनसहित ल्याइएको कम्पनीले जनाएको छ।

भेलाक्स यू ४.९ किलो वाट ड्युअल लिथियम आयन ब्याट्री सहित अधिकतम गति ८० किलोमिटर प्रति घण्टा माइलेज दिनेछ। यो स्कुटरको कुल रेन्ज १४० किलोमिटर रहेको छ। ३.२ किलोवाट मोटर ७६भी ३०एच ब्याट्री, २० मिनेटमा ८० प्रतिशत चार्ज हुने क्षमतासहित भेलाक्स फास्ट चार्जिङ सुविधा दिएको छ। यस्तै भेलाक्स एच ३.२ किलोवाट मोटर, ७२ भी ३० एच ब्याट्री, अधिकतम रेन्ज १०० किलोमिटर सहित आएको छ।

याडिया भेलाक्स सिरिजहरू प्रयोगकर्तालाई स्मार्ट र सुरक्षित यात्रा अनुभव गराउने उद्देश्यले विभिन्न आधुनिक प्रविधि समावेश गरिएको कम्पनीको दाबी छ। यी स्कुटरहरूमा तीन वर्ष वा ३० हजार किलोमिटर सम्मको वारेन्टी दिइएको पनि कम्पनीले जनाएको छ। कुजु नेपालले देशभरका १२ भन्दा बढी आधिकारिक डिलरहरूमार्फत टेस्ट राइड, प्रि-बुकिङ र फाइनान्सिङ सुविधा प्रदान गरेको छ।

# नाइमा एक्स्पोमा मोर्बिडेलीका दुई ब्राण्ड

काठमाडौं (संवाददाता) - इटालियन डिजाइनमा आधारित मोटरसाइकल मोर्बिडेली ब्रान्डको आधिकारिक बिक्रेता मोर्बिडेली नेपालले दुई नयाँ मोडलका मोटरसाइकल सार्वजनिक गरेको छ। नाइमा नेपाल मोबिलिटी एक्सपोमा यो कम्पनीले दुई नयाँ एड्भेन्चर मोटरसाइकल टी३५२एक्स र टी२५२ एक्स सार्वजनिक गर्दै बजारमा आफ्नो औपचारिक प्रवेशको घोषणा गरेको हो।



मोर्बिडेली नेपालका सेल्स तथा मार्केटिङ म्यानेजर नवराज घिमिरेले एक्स्पोको अवसरमा टी३५२ एक्स र टी२५२एक्समार्फत नेपाली राइडरहरूलाई अन्तर्राष्ट्रिय स्तरको रोमाञ्चक तथा सुरक्षित यात्रा अनुभव दिन खोजेको बताए।

**साहसिक यात्रामा बलियो आधार**

टी३५२एक्स मध्यम आकारको एड्भेन्चर मोटरसाइकल हो जसमा ३४९.२ सीसी ट्विन-सिलिन्डर इन्जिन, ४०.९ एचपी पावर, ३१.५ एनएम टर्क, ६-स्पीड गियरबक्स, बोश डुअल च्यानल एबीएस, स्लिपर क्लच र ७ इन्चको टीएफटी डिजिटल डिस्प्ले जस्ता फिचर्स छन्। साथै, यो मोर्बिडेली कनेक्ट एपसँग एकीकृत छ।

टी२५२एक्स मोडेल २४९ सीसी ट्विन-सिलिन्डर, लिक्विड-कूल्ड इन्जिनयुक्त मोटरसाइकल हो, जसले ३३.५ जए पावर र २१.५ एनएम टर्क उत्पादन गर्छ। ६-स्पीड गियरबक्स, डुअल च्यानल एबीएस, स्लिपर क्लच, युएसडी फ्रन्ट फोर्क, १७ इन्च एलोय ह्वील र टिएफटी डिजिटल डिस्प्ले यसको विशेषता हुन्। कम्पनीले यसलाई विशेषगरी प्रारम्भिक र युवा राइडरका लागि आकर्षक मोडलका रूपमा प्रस्तुत गरेको छ।

**ग्राहकलाई आकर्षक अफर**

मोर्बिडेली नेपालले बिक्रीपछिको सेवा, स्पेयर पार्ट्सको सहज उपलब्धता र सेवा केन्द्र विस्तारमा विशेष ध्यान दिने प्रतिबद्धता जनाएको छ। एक्सपोमा मोर्बिडेली र बेनेलिका मोटरसाइकलहरूमा विशेष छुट, निःशुल्क टेस्ट राइड, बुकिङमा उपहार तथा विभिन्न आकर्षक डिलहरू प्राप्त गर्न सकिनेछ। केही बेनेलिका मोडेलहरूमा १ लाख रुपैयाँसम्मको छुट उपलब्ध हुने कम्पनीले जनाएको छ।

# जोखिमपूर्ण यात्रा नगराउन होटल संघ गण्डकीको आग्रह

पोखरा (संवाददाता) - होटल संघ नेपाल गण्डकीले होचो उचाइबाट छोटो अवधिमा नै पर्यटकलाई हिमाली क्षेत्रमा पुऱ्याउने गरी यात्रामा संलग्न नगराउन सरोकारवाला समक्ष अपिल गरेको छ। खासगरी नेपालको सिमावर्ती तराई क्षेत्रबाट एकै दिनमा अन्नपूर्ण क्षेत्रका अग्ला गन्तव्यसम्म पर्यटकलाई पुऱ्याउँदा लेक लाग्ने जोखिम बढेको संघले बिहीबार विज्ञप्ति जारी गरी जनाएको छ।

संघका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले जारी गरेको विज्ञप्तिमा पर्यटकलाई आराम गर्दै वातानुकूल हुँदै यात्रा गर्ने वातावरणका लागि सम्वन्धित ट्राभल एजेन्सी, टुर अपरेटर र सरोकारवालाहरूसमक्ष अपिल गरिएको छ।

पोखरा हुँदै दैनिक हजारौं पर्यटक विभिन्न ठाउँमा आवागमन गर्ने गर्छन्। पछिल्ला दिनमा नेपालको दक्षिण सिमावर्ती क्षेत्र र तराइबाट पोखरा हुँदै एकै दिनमा मुक्तिनाथ पुगेर पोखरा फर्कने पर्यटकहरूको ठूलै संख्या भेटिन थालेको संघले उठाएको छ। यसो हुँदा भारतीय पर्यटकको बसाइ छोटिने र पर्यटन क्षेत्रको विकासमा असर पुग्ने व्यवसायीहरू बताउँछन्। समुन्द्र सतहबाट एक सय मिटर सोही दिन ३७१० मिटर उचाइको मुक्तिनाथ पुग्दा स्वास्थ्यमा समेत असर पुग्ने संघको भनाइ छ।

एकैदिनमा उच्च उचाइसम्म यात्रा गर्दा पर्यटकलाई लेक लागेर ज्यानै जान सक्ने जोखिम हुन्छ भने अर्कोतिर पर्यटन क्षेत्रप्रति अन्तर्राष्ट्रिय रुपमा नकारात्मक सन्देश जान सक्नेमा संघले सचेत गराएको छ। एक तथ्यांकअनुसार गत आर्थिक वर्षमा अन्नपूर्ण संरक्षण क्षेत्रका विभिन्न गन्तव्यमा १८ पर्यटकको लेक लागेर मृत्यु भएको थियो। मृत्यु हुनेमा छ नेपालीसहित आठ भारतीय, अमेरिका, जर्मन, कोरिया र स्वीजरल्याण्डका एक/एकजना नागरिक रहेको तथ्यांक छ।

# नेपाल र श्रीलंकाका राष्ट्रिय चेम्बरबीच समझदारी

काठमाडौं (संवाददाता) - नेपाल-श्रीलंका चेम्बर अफ कमर्श एण्ड इन्डष्ट्री र चेम्बर अफ एक्सपोर्ट श्रीलंकाबीच व्यापार, लगानी, संयुक्त उद्यमलगायतका विषयमा हस्ताक्षर भएको छ। नेपालका लागि श्रीलंकाका एक्टिङ एम्बेष्डर चाल्स डि अफेयर्स (एआई) चमेरा मुनासिंघेको उपस्थितीमा भएको जुम मिटिङमार्फत नेपाल श्रीलंका चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीका महासचिव नरेन्द्र बल्लभ पन्त र श्रीलंकाका राष्ट्रिय निर्यातकर्ता चेम्बर अफ कमर्शका प्रमुख कार्यकारी अधिकृत एम. शिहम मारिकरबीच हस्ताक्षर भएको हो।

यस्तो सम्झौता ऐतिहासिक भएको भन्दै मुनासिंघेले आगामी दिनमा दुई मुलुकबीच व्यवसायिक गतिविधि बढ्ने धारणा राखिन्। आउदो सेप्टेम्बर १८ देखि २१ मा श्रीलंकामा हुने इण्डष्ट्रियल एक्स्पोमा नेपालका प्रतिनिधीमण्डल सहभागी हुने भएका छन्।

NSCCI - 2006

आगामी दिनमा नेपालमा पनि सोही प्रकृतिको एक्स्पो हुने र श्रीलंकाका प्रतिनिधी सहभागी हुने भएका छन्। दुई मुलुकबीच सेवा र औद्योगिक सहयोग बढाउने साझा चाहनालाई ध्यानमा राख्दै दुई संस्थाहरूबीच सम्झौता भएको हो। सम्झौतापत्रमा हस्ताक्षरपछि दुई संस्थाका सदस्यहरू एकअर्काको मुलुकमा व्यक्तिगत एवं सामुहिक भ्रमण गर्न सक्नेछन्। त्यसरी गरिने भ्रमणले स्थानीय र राष्ट्रिय आर्थिक गतिविधि बढाउनुका साथै दुई देशहरूसँग सम्बन्धित बजारसँग सम्बन्धित तथ्याङ्क, आर्थिक विकास पहलहरू, विदेशी व्यापार र लगानी नीतिहरूमा नियमित रूपमा छलफल हुने भएको छ। साथै व्यापार, लगानी, सेवा, व्यापारिक सम्बन्ध, भ्रमण र व्यवसायीक समूहहरूको आदानप्रदान साथै व्यापार प्रवर्द्धनका सम्भाव्य गन्तब्यका बारेमा थप छलफल गरिने सम्झौतामा उल्लेख छ।

सम्झौतापत्रमा दुई मुलुकबीच व्यापार, लगानी र औद्योगिक सहयोगको मात्रा बढाउने माध्यमहरूको खोजी गर्ने उल्लेख छ। साथै एकअर्काको देशमा व्यापार मेला, प्रदर्शनी आयोजना गर्न प्रोत्साहन गर्ने योजना रहेको छ। आ-आफ्नो देशमा आयोजना हुने अन्तर्राष्ट्रिय मेला, प्रदर्शनी र व्यापार प्रवर्द्धन कार्यक्रमहरूको आयोजना गरिने उल्लेख छ।

सम्झौतापत्रमा उल्लेखित उद्देश्यलाई अगाडि बढाउन दुवै पक्षले नेपाल र श्रीलंकामा एकअर्काको कार्यालय र सचिवालय सुविधाहरूको उपयोग गर्न सहमत भएका छन्।

# डिश होम बन्यो डीएभी कर्पोरेट फुटसल च्याम्पियन

काठमाडौं (संवाददाता) - डीएभी बिजनेस स्कुल र ह्युमन रिसोर्सेज सोसाइटी नेपालको संयुक्त आयोजनामा 'डी.ए.भी. कर्पोरेट फुटसल प्रतियोगिता २०२५' सम्पन्न भएको छ। जुलाई ३० देखि अगस्ट २ सम्म सञ्चालन भएको प्रतियोगितामा उद्योग, व्यापार र शैक्षिक क्षेत्रबीचको सम्बन्ध, समूहगत भावना, व्यावसायिक सञ्जाल विस्तार तथा स्वस्थ जीवनशैली प्रवर्द्धनलाई प्राथमिकता दिइएको थियो।




बैंकिङ, बिमा, आईटी, अटोमोबाइल, ट्रेडिङ र उत्पादन लगायतका क्षेत्रबाट ३२ कर्पोरेट टोलीहरूले सहभागिता जनाएको प्रतियोगिता लिग चरण र नकआउट चरण हुँदै रोमाञ्चक फाइनलमा पुगेको थियो।

फाइनलमा डिश होम प्रालिले कोड हिमालय प्रालिलाई पराजित गर्दै च्याम्पियन बनेको हो। विजेता टोलीले १ लाख रुपैयाँ नगद, ट्रफी र मेडल प्राप्त गरेको छ। उपविजेता कोड हिमालयले ५५ हजार रुपैयाँ नगदसहित ट्रफी र मेडल हात पारेको छ। प्रतियोगितामा सहभागी सबै टोली, प्रायोजक र रेफ्रीहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

उद्घाटन समारोहमा ह्युमन रिसोर्सेज सोसाइटी नेपालका अध्यक्ष टेकराज शर्माले उद्योग र शिक्षाबीचको सहकार्यबारे प्रकाश पारेका थिए। पूर्वराष्ट्रिय फुटबल कप्तान भरत खवासले खेलकुदको स्वास्थ्यमा पर्ने सकारात्मक प्रभावबारे मन्तव्य दिएका थिए भने डीएभी बिजनेस स्कुलका अध्यक्ष अनिल केडियाले प्रतियोगिताको औपचारिक उद्घाटन गरेका थिए।

एमबीए कार्यक्रम संयोजक राजेशकुमार चौधरीको नेतृत्वमा गठित आयोजक समितिसँग प्रतियोगिताअघि टोलीका प्रतिनिधिहरूले छलफल गरेका थिए।

डी.ए.भी. बिजनेस स्कुलले मुख्य साझेदारहरू ह्युमन रिसोर्सेज सोसाइटी नेपाल, सुजल डेरी, सिप्रदी ट्रेडिङ र मुसकसँगै सम्पूर्ण सहभागी, प्रायोजक, स्वयंसेवक र आयोजकहरूलाई प्रतियोगिता सफल बनाउन सहयोग पुऱ्याएकोमा धन्यवाद प्रकट गरेको छ। आगामी संस्करणमा अझ व्यापक सहभागिता हुने अपेक्षा गरिएको छ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०८२/०४/२२

यस फाइनान्सको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयको लागि सुरक्षा गार्ड सेवा (Security Guard Services) आवश्यक भएकोले बैंक तथा वित्तीय संस्थाहरुमा यस प्रकारका सुरक्षा सेवा प्रदान गर्दै आइरहेका अनुभव प्राप्त इच्छुक सुरक्षा सेवा प्रदायक रजिष्टर्ड फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस फाइनान्सबाट खरिद गरेको बोलपत्र फारम रितपूर्वक भरी शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शिलबन्दी बोलपत्र फारम यस फाइनान्सको सामान्य प्रशासन विभाग केन्द्रीय कार्यालय भाटभटेनी काठमाडौंबाट रु. १,०००।०० (पछि फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिने छ। शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्त तथा बन्देजहरु लगायतका बिस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको छ।

१४२५ धिरवम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२। www.icfc.com.np

## दर्शक मार्दै ‘माग्ने राजा’

निर्देशक ऋषि लामिछानेको पछिल्लो फिल्म ‘माग्ने राजा’ भदौ ६ बाट प्रदर्शनको टुंगो लागेको छ। प्रदर्शन मिति नजिकिदै जाँदा निर्माण समूहले फिल्मको प्रचारमा राम्रै मिहिनेत गरिरहेका छन्। विहीबार काठमाडौंमा एक विशेष समारोहका बीच फिल्मको ट्रेलर सार्वजनिक गरियो।

फिल्ममा मिहिनेत नगरी कमाइएको पैसाले दुःख दिन्छ भन्ने सन्देश दिइएको सो अवसरमा जानकारी दिइयो।

कार्यक्रममा टिकटकबाट चर्चामा आएकी मिस पबी ट्रेलर तथा प्रचार सामग्रीमा नदेखिएकोमा केही पत्रकारले निर्देशक लामिछानेलाई प्रश्नले घेरेका थिए। उनले मिस पबीलाई फिल्ममा रोचक भूमिका दिइएकाले त्यसलाई खुलाउन नमिल्ने बताएका थिए।

## कमेडी च्याम्पियनले पाए पुरस्कार



सुनील खड्का कमेडी च्याम्पियनको तेस्रो सिजनका विजेता थिए। एक वर्षयता उनले विजेता भए पनि पुरस्कार हात नपारे पछि कमेडी च्याम्पियनका निर्माताको आलोचना गरेका थिए। उनले ३९ लाख रुपैयाँको नेटा कम्पनीको विद्युतीय सवारी जितेका छन्।




## जारा फेशन विवादमा





बेलायतमा प्रख्यात फेशन ब्रान्ड जाराका दुई वटा विज्ञापनलाई प्रतिबन्ध लगाइएपछि विवादमा परेको छ । विज्ञापनमा प्रयुक्त मोडलहरू ‘असामान्य रुपमा दुब्ली’ देखिएका कारण प्रतिबन्ध लगाइएको अधिकारीहरूले जनाएका छन्।

बेलायती एडभरटाइजिङ अथोरिटी (एएसए)ले एउटी मोडलको अनुहार उनको कपालको शैली (कस्सिएर बाँधिएको कपाल) र छायाँका कारण निकै ‘कमजोर’ देखिएको थियो। अर्को तस्वीरमा मोडलको सर्टको गला यति तलसम्म थियो कि त्यसमा ‘काँधका हड्डीहरू’ प्रस्ट देखिन्थे। एएसएले ती विज्ञापनलाई ‘गैरजिम्मेवार’ भएको बताउँदै विज्ञापनका लागि अनुपयुक्त बताएको छ। साथै भविष्यमा जाराले विज्ञापन तयार पार्दा ‘जिम्मेवारीका साथ’ बनाउन निर्देशन पनि दिएको बीबीसीले जनाएको छ। एएसएको टिप्पणीपछि जाराले ती विज्ञापन हटाएको छ। हटाइएका विज्ञापनमा मोडलको अनुहार देखाइएको छैन। अर्को एउटा विज्ञापनमा मोडलको अवस्था यस्तो थियो कि तिनको ‘प्रस्ट देखिने घाँटी मुन्तिरको हाड’ नै मुख्य आकर्षण बन्न पुगेको थियो।

ब्रान्डले भने तस्वीरलाई प्रकाश र रङ संयोजनका कारण यस्तो देखिएको बताएको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

NextGen

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

ANNAPURNA CABLE CAR

news 24 दैनिक

### ADVERTISEMENT TARIFF

Tariff of NEWS 24 Dainik for F/y 2082/83

| Page | Colour | BW |
|---|---|---|
| **Jacket** | | |
| Premium Jacket | 3200000 | |
| Jacket | 2800000 | |
| Double Jacket | 400000 | |
| Half Jacket | 1800000 | |
| **Front Page** | | |
| Front page (8x15, 4x25) | 4500 | |
| Front Page (3x20) | 4000 | |
| **Other Page** | | |
| Back Page Color | 2700 | |
| Back Page B/W | | 2100 |
| 3rd Page | 3000 | |
| Business Front Page | 2700 | |
| Inside Page Color | 2700 | |
| Inside Page B/W | | 1400 |
| 2nd Page Color | 2000 | |
| **Classified Section** | | |
| Classified Display Color | 2000 | |
| Classified Display B/W | | 1000 |

**Frequency Discount:** For 6 insertion = 15%, For 4 insertions = 10%

Note: Tariff is exclusive of VAT 13% # Tariff is in NRs.

For Details Contact:

Nepal News PUBLICATIONS PVT. LTD.

Marketing Department
**Nepal News Publication Pvt. Ltd.**
Maharajgunj Panipokhari, Tel: 977-01-4500777
info@news24dainik.com, www.news24dainik.com

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Om Kumar Gurung
President

Sagun Overseas Services Pvt. Ltd.

G.P.O. Box: 323, Kalikasthan-32
Bhitri Goshwara Marga, Ktm
Tel: 4417530, 4440146
E-mail: email@sagunoverseas.com.np

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेल: news@news24dainik.com, अध्यक्ष: अनिल जोशी, प्रबन्ध निर्देशक: अदिश जोशी, प्रधान सम्पादक : तीर्थ कोइराला